# ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤶᤗᤢᤱ ᤕᤢᤁᤧ

## [illegible] - ᥒᥐᥐᥓ

# किरात याक्थुङ चुम्लुङ युके

## बिधान - २००३

# [illegible]

## [illegible] - ᥒᥐᥒᥒ

# छैठौं शंसोधित तथा परिमार्जित

## बिधान - २०२२

**पहिलो शंसोधन २००९**

**दाश्रो शंसोधन २०११**

**तेश्रो शंसोधन २०१३**

**चौथो शंसोधन २०१४**

**पाचौ शंसोधन २०२०**

**छैठौं शंसोधन २०२२**

## बिषय सूचि


| **परिच्छेद नम्बर** | **धारा नम्बर** |
|---|---|
| परिच्छेद १ - प्रारम्भिक | १ - १.१४ |
| परिच्छेद २ - परिभाषा | २ - २.३२ |
| परिच्छेद ३ - उदेश्य | ३ - ३.६ |
| परिच्छेद ४ - सदस्यता | ४ - ६.७ |
| परिच्छेद ५ - केन्द्रीय महाधिवेशन | ७ - ९.२ |
| परिच्छेद ६ - बिशेष केन्द्रीय महाधिवेशन | १० - १०.७ |
| परिच्छेद ७ - बार्षिक साधारण सभा | ११ - १२.३ |
| परिच्छेद ८ - केन्द्रीय कार्यसमिति गठन | १३ - १५.६ |
| परिच्छेद ९ - थामेन्दिङमा चुम्लुङ | १६ - १६.१०.८ |
| परिच्छेद १० – याक्थुंङ कुसा चुम्भो | १७ - १७.३.५ |
| परिच्छेद ११ - शाखा चुम्लुङ | १८ - २३.१४ |
| परिच्छेद १२ - पद रिक्तता र पद पूर्ति | २४ - २६.४ |
| परिच्छेद १३ - कोष तथा लेखा परिक्षण | २७ - २७.५.४ |
| परिच्छेद १४ - निर्वाचन समिति | २८ - २८.२ |
| परिच्छेद १५ - विधानको व्याख्या तथा संशोधन | २९ - २९.१ |
| परिच्छेद १६ - विभाग | ३० - ३०.८ |
| परिच्छेद १७ - गणपूरक संख्या | ३१ - ३५.१ |
| परिच्छेद १८ - चुम्लुङदेन | ३६ - ३६.१० |
| परिच्छेद १९ - सम्मान तथा पुरस्कार | ३७ - ३७.५ |

## अनुसूचीहरु

अनुसूची १ - प्रतिकचिन्ह
अनुसूची २ - झण्डा
अनुसूची ३ - संस्थाको लोगो
अनुसूची ४ - शपथग्रहण
अनुसूची ५ - शाखा र स्थापना मिति
अनुसूची ६ - सदस्यता आबेदन फारम
अनुसूची ७ - शाखा चुम्लुङ आधिकारीक प्रमाण पत्र
अनुसूची ८ - चुम्लुङको आचार संहिता
अनुसूची ९ - संस्थापक कार्यसमिति

# किरात याक्थुङ चुम्लुङ युके बिधान २००३
## (छैठौं शंसोधन २०२२)

**प्रस्तावना:**
नेपालको आदिकाल देखि बसोवास गर्दै आएका आदिवासी, प्राचिन किरात याक्थुंङ वंशज, नेपालको लिम्बुवान तथा नेपालका अन्य भुभाग र विश्वका बिभिन्न मुलुकहरुबाट बसाइँ सरि हाल संयुक्त अधिराज्य बेलायतका बिभिन्न क्षेत्रहरुमा बसोवास गरि रहेका याक्थुङ्वाहरुले आफ्नो मुन्धुम, भाषा, लिपि, बहू-धर्म, संस्कार, संस्कृतिको संरक्षरण र सम्वर्धन तथा लिम्बूहरुको समग्र बिकास एवं संयुक्त अधिराज्य बेलायतमा बसोवास गर्ने बिभिन्न समुदायसंग आपसी सहयोग र सामुदायिक सदभावना अभिवृद्धिकालागि संगठित भइ बिविध कार्यहरु आयोजना गर्न एक गैर सरकारी, गैर-ब्यवसायिक, परोपकारी, अविछिन्न उत्तराधिकारवाला संस्थाको स्थापना तथा संचालनका लागि सन् २००३ सालको अगष्ट २ तारिखका दिन संयुक्त अधिराज्य बेलायतको सल्सवरी बेलायतमा बसोवास गरिरहेका लिम्वुहरुका सम्पन्न भेलाले स्थापना गरेको किरात याक्थुङ चुम्लुङ यूकेको विधान २००३ लाई छैठौं पटक संसोधन गरि लागु गरिएको छ।

## परिच्छेद - १ – प्रारम्भिक

१. संस्थाको नामः यो संस्थाको नाम किरात याक्थुङ चुम्लुङ यूके हुनेछ । अंग्रेजीमा Kirat Yakthung Chumlung United Kingdom, छोटकरीमा “KYC UK” भनिनेछ ।

१.१. यो विधान किरात याक्थुङ चुम्लुङ यूकेको विधान सभा २०२२ ले पारित गरेपछि तुरुन्त लागु हुनेछ।

१.२ यो संस्थाको केन्द्रीय कार्यालय संयुक्त अधिराज्य बेलायतको केन्द्रीय कार्यसमितिले तोकेको स्थानमा रहनेछ । शाखा समितिको कार्यालय शाखा समितिले संबन्धित क्षेत्रमा तोकेको स्थानमा हुनेछ ।

१.३ यो संस्था बेलायतको कम्पनी ऐन २००६ बमोजिम शेयर पुजीबिनाको सिमित दायित्व रहने गरी "Kirat Yakthung Chumlung UK Limited" नामको लिमिटेड कम्पनीको रुपमा रहनेछ र केन्द्रिय कार्यसमितिका पदाधिकारीहरु निर्देशक (Board of Directors) रहनेछन ।

१.३.१ धारा १.३ मा जे जस्तो सुकै उल्लेख रहेतापनि निर्देशक (Board of Directors) मा रहनकालागि चुम्लुङदेनले निर्धारण गरेको सेयरधनी हरु मात्र रहनेछन।

१.४ किरात याक्थुङ चुम्लुङ यूकेको प्रतिक चिन्ह, झण्डा,लोगो, सपथ र आचार संहिता विधानको अनुसूची १, २, ३, ४ र अनुसूची ८ बमोजिम रहनेछ ।

## परिच्छेद - २ – परिभाषा

२ विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस विधानमाः

२.१ "चुम्लुङ" भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेलाई बुझाउनेछ ।

२.१.१ "थामेन्दिङमा चुम्लुङ" भन्नाले थामेन्दिङ महिलाहरुको चुम्लुङ बुझाउनेछ।

२.१.२ "याक्थुङ कुस्सा चुम्भो" भन्नाले याक्थुङ कुस्साहरुको चुम्भो बुझाउनेछ।

२.२ "केन्द्रीय कार्यसमिति" भन्नाले किरात याक्थुङ चुम्लुङ युकेको केन्द्रीय कार्यसमितिलाई बुझाउने छ ।

२.३ "अध्यक्ष" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको अध्यक्षलाई बुझाउने छ ।

२.४ "उपाध्यक्ष" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको उपाध्यक्षलाई बुझाउने छ ।

२.४.१ "महिला उपाध्यक्ष" भन्नाले थामेन्दिङ मा चुम्लुङको महाधिवेशनबाट चुनिएर आएको केन्द्रीय उपाध्यक्षलाई बुझाउनेछ।

२.५ "महासचिव" भन्नाले कियाचु युकेको केन्द्रीय कार्यसमितिको महासचिवालाई बुझाउने छ ।

२.६ "सचिव" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको सचिवलाई बुझाउने छ ।

२.७ "सह-सचिव" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको सह-सचिवलाई बुझाउने छ ।

२.७.१ "महिला सह-सचिव" भन्नाले थामेन्दिङमा चुम्लुङको अधिवेशनबाट निर्वाचित केन्द्रीय सह-सचिवलाई बुझाउनेछ।

२.८ "कोषाध्यक्ष" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको कोषाध्यक्षलाई बुझाउने छ ।

२.९ “सह-कोषाध्यक्ष” भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको सह-कोषाध्यक्षलाई बुझाउने छ।

२.१० “सदस्य” भन्नाले केन्द्रीय कार्यसमितिका लागि शाखा चुम्लुङको अधिवेशनबाट निर्वाचित केन्द्रिय सदस्य लगायत केन्द्रीय कार्य समितिले मनोनित गरेका विभागीय प्रमुखहरुलाई बुझाउनेछ।

२.११ “सल्लाहकार” भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिले चयन गरेका सल्लाहकारहरुलाई बुझाउने छ।

२.१२ “तुम्याङहाङ” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको तुम्याङहाङ लाई बुझाउने छ।

२.१३ “संरक्षक सदस्य” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको संरक्षक सदस्यलाई बुझाउने छ।

२.१४ “आजीवन सदस्य” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको आजीवन सदस्यलाई बुझाउने छ।

२.१५ “पंजीकृत सदस्य” भन्नाले किरात याक्थूङ, चुम्लुङ युकेको पंजिकृत सदस्यलाई बुझाउनेछ।

२.१६ “साधारण सदस्य” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको साधारण सदस्यलाई बुझाउने छ।

२.१७ “मानार्थ सदस्य “ भन्नाले किरात याक्थूङ चुम्लुङ युकेको मानार्थ सदस्यलाई बुझाउनेछ।

२.१८ “सदस्यता शुल्क” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेले तोकेको सदस्यता शुल्कलाई बुझाउने छ।

२.१९ “कोष” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको नाममा स्थापना गरिएको कोषलाई बुझाउने छ।

२.२० “याक्थूङ” शब्द “लिम्वू” लाई लिम्वू भाषामा “याक्थूङ” लेखिएको बुझ्नु पर्नेछ।

२.२१ “यूके”, “संयुक्त अधिराज्य बेलायत” वा “बेलायत” शब्दले एकै अर्थ लगाउछ।

२.२२ “पदाधिकारी” भन्नाले केन्द्रीय कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष्यहरु, महासचिव, सचिव, सह सचिव, कोषाध्यक्ष र सह कोषाध्यक्षलाई बुझाउनेछ।

२.२३ “पदेन सदस्य” भन्नाले चुम्लुङको सम्बन्धित निकायको बैठकमा स्वतः भाग लिन पाउने सदस्यलाई बुझाउनेछ।

२.२४ “केन्द्रीय सचिवालय” भन्नाले चुम्लुङको केन्द्रीय सचिवालयलाई बुझाउनेछ।

२.२५ “शाखा सचिवालय” भन्नाले चुम्लुङको शाखा सचिवालयलाई बुझाउनेछ।

२.२६ “संरक्षक समिति” भन्नाले चुम्लुङको संरक्षक समितिलाई बुझाउनेछ।

२.२७ “साधारण सभा” भन्नाले चुम्लुङको साधारण सभालाई बुझाउनेछ।

२.२८ “चुम्लुङदेन ब्याबस्थापन समिति” भन्नाले चुम्लुङदेन ब्याबस्थापन गर्न कार्यसमितिको मातहतमा गठित ब्याबस्थापन समितिलाई बुझाउनेछ।

२.२९ “तेश्रो लिगी”भन्नाले “पुरुष” र “स्त्री” बाहेक अन्य सबै खाले लिगीलाई बुझाउनेछ।

२.३० “पुलिंगी” शब्दले स्त्रीलिङी शब्दलाई समेत बुझाउदछ

२.३१ “व्यक्ति” शब्दले कानूनी वा प्राकृतिक दुबैलाई बुझाउदछ।

२.३२ "एक वचन" शव्दले बहू बचनलाई समेत बुझाउदछ।

## परिच्छेद - ३ – उद्देश्य

३. किरात याक्थुङ चुम्लुङ यूकेका उदेश्यहरु देहाय बमोजिम हुनेछः

३.१ लिम्बू भाषा, लिपि, साहित्य, संस्कृति, धर्म, संस्कार र इतिहासको अनुसन्धान गर्ने, संरक्षण र सम्वर्धन गर्ने ।

३.२ बेलायतवासी लिम्बूहरुको सर्वाङिण विकासका लागि योगदान दिने ।

३.३ बेलायवासी बिभिन्न धर्ममा आस्था राख्ने लिम्बूहरुबीच आपसी सहयोग एकता र भातृत्वको भावना अभिवृद्धि गर्ने ।

३.४ उद्गम थलो नेपालको लिम्बुवानको विकास र लिम्बुवानवासीहरुको उन्नतिका लागि योगदान दिने।

३.५ बेलायतमा रहेका नेपालको प्राचिन किरात याक्थुङ बंशजहरुबीच साझा सवालहरुको पहिचान गर्दै सहकार्य गर्ने ।

३.६ लिम्बू समुदायलाई बेलायतका अन्य समुदायसंग एकाकार गर्दै बेलायती समाजको एक अभिन्न अंगकोरुपमा विकास गर्ने बेलायती सरकारका स्थानिय निकायहरु एवम् अन्य बिभिन्न संस्थाहरुसंग सहकार्य गर्ने ।

## परिच्छेद - ४ – सदस्यता

४. किरात याक्थुङ चुम्लुङ यूकेको सदस्यता देहाय बमोजिम ५ (पाँच) प्रकारका हुनेछन ।

४.१ संरक्षक सदस्य

किरात याक्थुङ चुम्लुङ यूकेलाई आवश्यक परेको अवस्थामा संरक्षण गर्न उत्कृष्ठ इच्छा लिएर किरात याक्थुङ चुम्लुङ यूकेको केन्द्रीय कार्यसमिति समक्ष रीतपूर्वक आवेदन गरि संरक्षक सदस्यता सम्बन्धि कार्यसमितिले तयार वनाएको नियमावली अनुसार मापदण्ड पूरा गरेका व्यक्तिलाई चुम्लुङ यूकेको संरक्षक सदस्यता प्रदान गरिनेछ । संरक्षक सदस्य आजीवन चुम्लुङको सदस्य रहनेछ । संरक्षक सदस्यता सम्वन्धि नियमावलीमा तोके बमोजिमकोसंरक्षक सदस्यता पत्र केन्द्रीय कार्यसमितिले प्रदान गर्नेछ ।

४.२ **आजीवन सदस्य**

किरात याक्थुङ चुम्लुङ युके बिधानको अनुसूची ६ मा तोकेको सदस्यता फारम भरी रितपुर्वक सदस्यता शुल्क बुझाई केन्द्रीय कार्यसमिति समक्ष आवदेन गरेमा तोकिएको माप दण्ड अनुसार भए नभएको केन्द्रीय कार्यसमितिले छानबिन गरी नीजलाई आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

४.३ **पंजिकृत सदस्य**

किरात याक्थूङ चुम्लुङ युकेको कुनैपनि साधारण सदस्यले बिधानको अनुसूची ६ मा तोकेको फारम भरी कार्य समितिले तोकेको सदस्यता शुल्क सहित पंजिकृत सदस्यता रीतपुर्वक आफु बसोवास गरेको शाखा समक्ष वा केन्द्रीय कार्यसमिति समक्ष आबेदन गरेमा नीजलाई पंजिकृत सदस्यता( Registered Member) प्रदान गरिनेछ ।

४.३.१ पंजिकृत सदस्यको दुरुस्त रेकर्ड राखी नीजलाइ सदस्यता कार्ड ( Membership card) प्रदान गरिनेछ ।

४.३.२ साधारण सदस्यहरुले किरात याक्थूङ चुम्लुङ युकेको पंजिकृत सदस्यता लिन परेमा आफु बसोवास गरेको शाखा मार्फत सदस्यता लिन पर्नेछ। शाखा नभएको सवालमा भने सोझै केन्द्रीय समिति मार्फत सदस्यता लिन पर्नेछ ।

४.४ **साधारण सदस्य**

संयुक्त अधिराज्यमा बसोवास गरिरहेका सम्पुर्ण लिम्वू बशंजहरु यो संस्थाको साधारण सदस्यकारुपमा रहनेछन । साधारण सदस्यहरु किरात याक्थुंग चुम्लुङका अन्य पंजिकृत सदस्यहरु सरह सुविधा उपभोग गर्न साथै कार्यसमितिकालागि उम्मेद्वारी तथा मत प्रकट गर्न अधिकार रहने छैन।

४.४.१ कुनै पनि लिम्बु महिला सदस्यसंग रीतपुर्वक बैवाहीक सम्बन्ध स्थापित गरेका गैर लिम्बु ज्वाईहरु चुम्लुङ युकेको स्वतः साधारण सदस्यको रुपमा रहनेछन। तर कुनै कारणवश बैवाहीक सम्बन्ध बिच्छेद भई कानूनीरुपमा अलग हुने पुगेमा नीजको सदस्यता स्वतः खारेज हुनेछ।

४.५ **मानार्थ सदस्य**

किरात याक्थुङ चुम्लुङ यूके केन्द्रीय कार्यसमितिले लिम्बू भाषा, लिपि, साहित्य, संस्कृति, इतिहास वा लिम्बू समुदायको सर्वाङिण विकासमा उल्लेखनीय योगदान पुर्याएका कुनैपनि व्यक्तिहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यलाई मतप्रकट उम्मेद्वार बन्ने अधिकार रहने छैन। लिम्वू बंशज लाई प्रदान गरिएको मानार्थ सदस्यता कारणवश बेलायतमा बँसाई सरी आएमा नीजको सदस्यतालाई मानार्थ सदस्यताको रुपमा लिईनेछैन।

४.६ **सदस्यता सम्बन्धि विशेष व्यवस्था**

पंजिकृत सदस्य बितरण गर्दा श्रीमान-श्रीमतीका नाम रहनेगरी "A" "B" लिन इच्छुक सदस्यहरुले सोहीनुसार सदस्यता प्राप्त गर्नेछन तर कुनै दम्पतिले स्वतन्त्रपुर्वक लिन चाहेको खण्डमा भने यो धाराले बन्देज लाउने छैन। "A" "B" का आधारमा लिएको सदस्यतालाई शुरुमा दर्ता शुल्क २० पाउण्ड हुने तर नबीकरणकालागि भने दुइटै सदस्यहरुको लागि १० पाउण्ड मात्र रहनेछ।

५. **सदस्यताको लागि योग्यता**

देहायको योग्यता पुगेका व्यक्ति चुम्लुङको सदस्य हुनेछनः

५.१ लिम्बू ( याक्थूङ) बशंज।

५.१.१ लिम्बू पुरुषसंग बिवाहित गैर लिम्बु जातीय महिला।

५.१.२ लिम्वू महिलासंग विवाहित गैर लिम्वू जातीय पुरुष । तर उनीहरुलाई मत प्रकट तथा कार्यसमितिकालागि उम्मेद्वारी अधिकार हुने छैन।

५.२ संयुक्त अधिराज्य बेलायतमा बसोवास भएको।

५.३ १८ वर्ष उमेर पुगेको।

५.४ स्पष्टिकरणः धारा ५ को उपधारा १ मा उल्लेखित लिम्बू बंशज भन्नाले अन्य जातिसंग बिवाह गर्ने लिम्बू महिलालाई समेत बुझाउनेछ। तर लिम्बू महिला सदस्यले गैर लिम्वु जाती संग विवाह गरेमा धारा ४.६ को विशेष व्यवस्था लागु हुने छैन।

६. **पंजिकृत सदस्यहरुको अधिकार एवं कर्तव्य र सदस्यताको समाप्ति**

६.१ प्रत्येक पंजिकृत सदस्यहरुको अधिकार र कर्तव्य व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरण हुनेछैन।

६.२ यस विधान, विधान अन्तर्गत बनेका नियमहरु, विधानको अनुसूचीमा उल्लेखित चुम्लुङ आचार संहिता, महाधिवेशनको निर्णयहरु, केन्द्रीय कार्यसमितिका निर्णयहरु र शाखा समितिका निर्णयहरुको पालना गर्नु र चुम्लुङको गरिमा उच्च राख्दै यसका उदेश्य प्राप्तका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको कर्तव्य हुने छ।

६.३ पंजिकृत सदस्यलाई देहाय बमोजिमको अधिकार रहनेछ।

६.३.१ चुम्लुङको केन्द्रीय महाधिवेशनमा भाग लिनकालागि उम्मेद्वारी दिन वा केन्द्रीय महाधिवेशनमा भागलिने,

६.३.२ शाखा अधिवेशनमा भाग लिन वा मतदान गर्ने वा कुनै निर्वाचित हुने पदहरुमा उम्मेद्वार हुने अधिकार,

६.३.३ विधान शंसोधनको लागि गठन हुने विधान सभाका लागि उम्मेद्वार बन्न वा विधान सभाको निर्वाचनमा मतदान गर्ने अधिकार,

६.४ आजीबन तथा संरक्षक सदस्यहरुलाई केन्द्रीय महाधिवेशन, आफू बसोवास गरेको क्षेत्रको शाखा अधिवेशन र विधान सभामा भागलिने तथा विधान वा विधान अन्तर्गत बनेका नियमावलीमा व्यवस्था भए बमोजिमका पदहरुमा निर्वाचनको लागि उम्मेद्वार बन्न तथा निर्वाचनमा मतदान गर्ने हक हुनेछ। संरक्षक सदस्य यसै विधान अन्तर्गतको संरक्षक सदस्य रहनेछ। किरात याक्थुङ चुम्लुङका हरेक गतिविधिका बिवरण प्राप्त गर्ने अधिकार हुनेछ।

६.५ कुनैपनि सदस्यले लिखित रुपमा एक महिनाको सूचना किरात याक्थुङ चुम्लुङ यूके केन्द्रीय कार्यसमितिलाई दिएर चुम्लुङको सदस्यता परित्याग गरेमा साधारण सदस्यमा रहन सक्ने छ।

६.६ विधानको धारा ६.२ बमोजिम आफ्नो कर्तव्यको पालना नगर्ने कुनै पनि सदस्यको (संरक्षक, आजीवन, पंजिकृत र मानार्थ) सदस्यतालाई किरात याक्थुङ चुम्लुङ यूकेले खारेज गरि साधारण सदस्यमा राख्न सक्ने छ।

६.७ निजको मृत्यु भएमा सदस्यता स्वतः समाप्त हुनेछ।

## परिच्छेद - ५ - केन्द्रीय महाधिवेशन

७. प्रत्येक ३ (तीन) वर्षमा एक पटक किरात याक्थुङ चुम्लुङ यूकेको केन्द्रीय महाधिवेशन सम्पन्न हुनेछ। विशेष परिस्थतिमा केन्द्रीय कार्यसमितिले बढीमा ६ महिना सम्म केन्द्रीय महाधिवेशनको मिति थपघट गर्न सक्नेछ। केन्द्रीय महाधिवेशन चुम्लुङको सर्बोच्च निकाय हुनेछ। केन्द्रीय महाधिवेशनका कार्यहरु देहाय बमोजिम हुनेछः

७.१ किरात याक्थुङ चुम्लुङ यूके केन्द्रिय कार्यसमितिबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्याङ्कन गर्ने केन्द्रीय कार्य समितिलाई निर्देशन दिने।

७.२ केन्द्रीय कार्यसमितिको गठन गर्ने।

७.३ चुम्लुङको उदेश्य प्राप्तिको लागि आवशयक नीतिहरु तय गर्ने।

७.४ किरात याक्थुङ चुम्लुङ यूकेको कार्यक्रमहरु तय गर्ने।

७.५ केन्द्रीय कार्यसमितिको ३ (तीन) वर्षको गतिविधिको प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने।

७.६ केन्द्रीय कार्यसमितिले केन्द्रिय महाधिबेसन सम्पन्न गर्न गराउन कम्तिमा दुई महिना अगावै एक ५ (पांच) सदस्यीय निर्वाचन आयोग गठन गर्नेछ।

७.७ पंजिकृत सदस्य, शाखा समिति, केन्द्रिय कार्य समिति, सल्लाहकार, आजीवन तथा संरक्षक सदस्यहरुले बिधानको कुनै पनि धारा उपधाराहरु शंसोधन गर्न आवश्यक ठानेको खण्डमा

महाधिवेशनमा संशोधित बिधान प्रस्तुत गर्नेगरी कार्यसमितिले कम्तिमा २ महिना अगाडि बढीमा ३ सदस्यीय बिधान शंसोधन समिति गठन गर्ने सक्नेछ।

८. **केन्द्रीय महाधिवेशन देहाय बमोजिम संचालन हुनेछः**

८.१ केन्द्रीय महाधिवेशन केन्द्रीय कार्यसमितिले आयोजन गर्ने छ।

८.२ केन्द्रीय महाधिवेशन उद्घाटन समारोह, बन्द सत्र, र घोषणा सभा तीन चरणमा सम्पन्न हुनेछ।

८.३. उद्घाटन समारोहको अध्यक्षता केन्द्रीय कार्यसमितिको अध्यक्ष र संचालन महासचिवले गर्नेछन।

८.४ उद्घाटन समारोहको समापन पछि चुम्लुङ युकेका केन्द्रीय कार्यसमितिको अध्यक्षको अध्यक्षतामा पुनः बन्दशत्र शुरु हुनेछ।

८.५ बन्द शत्रमा केन्द्रको आर्थीक, सांगठानिक तथा बिधान शंसोधन सम्वन्धि कुनै प्रस्ताव भए उक्त प्रतिबेदनहरु प्रस्तुत छलफल र पारित गर्ने छ। सभाध्यक्षले केन्दीय कार्यसमितिको बिघटन तथा बन्द शत्र बिसर्जन गर्दै निर्वाचन आयोगलाई निर्वाचनकालागि सभा हस्तान्तरण गर्नेछ। कारणबश कुनै प्रस्तावहरु पारित नभई छानबिन गर्नपर्ने अबस्था सृजना भएमा केन्द्रीय महाधिवेशनले एक छानबिन समिति गठन गर्न सक्नेछ।

८.६ निर्वाचन आयोगले निर्वाचन नियमावली बमोजिम बन्दसत्रमा केन्द्रीय कार्यसमितिका पदाधिकारीहरुको निर्वाचन सम्पन्न गर्नेछ। निर्वाचनमा कुनै पनि उम्मेद्वारहरुको मत बराबरी भएको खण्डमा निर्वाचन समिति, उपस्थित पुर्व अध्यक्षहरु, संरक्षक सदस्यहरु, आजीवन सदस्यहरु र शाखा चुम्लुङको अध्यक्षहरु, थामेन्दिङमा महिला समिति अध्यक्ष, याक्थूङ कुस्सा चुम्भो अध्यक्ष र उम्मेद्वारहरु सहित छलफल गरी अन्तिम निर्णय गर्नेछ। कारणबश कुनै निकासा हुन नसकेको खण्डमा अन्तमा गोलाप्रथाबाट प्राप्त परिणामलाई घोषणा गरिनेछ।

८.७ नयाँ कार्यसमितिको निर्वाचन सम्पन्न भए पश्चात घोषणा सभा शुरु गरिनु पर्नेछ।

८.८ घोषणा सभामा नव निर्वाचित केन्द्रीय कार्यसमितिको घोषणा गरिनेछ। घोषणा सभा सर्वसाधारण जो कोहीकोलागि खुल्ला रहनेछ।

८.९ नयाँ कार्यसमितिका पदाधिकारीहरुले प्रतिवद्धताको सपथ लिनु पर्नेछ।

८.१० थामेन्दिङमाको अधिवेशनबाट निर्वाचित (थामेन्दिङमा) महिला उपाध्यक्ष १ र (थामेन्दिङमा) महिला सह सचिब १, याक्थूङ कुस्सा चुम्भो अध्यक्ष र शाखाहरुबाट निर्वाचित भएर आउने केन्द्रिय सदस्यहरुले पनि नव निर्वाचित केन्द्रिय कार्यसमितिका पदाधिकारीहरु संगै सपथ ग्रहण गर्नु पर्नेछ। कुनै सदस्य छुटेको खण्डमा केन्द्रीय कार्यसमितिको पहिलो बैठकमा केन्द्रीय अध्यक्षले सपथ ग्रहण गराउनेछ।

८.११ नर्व निर्वाचित कार्य समितिको प्रतिवद्धता पछि निर्वाचन समिति अन्तर्निहित चुम्लुङको कार्यकारी अधिकार नव निर्वाचित कार्य समितिमा हस्तान्तरण गरिनु पर्ने छ।

८.१२ विशेष परिस्थितिमा केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न हुन नसकि केन्द्रीय कार्यसमितिको गठन नभए सम्म चुम्लुङको कार्यकारी अधिकार निर्वाचन आयोगको नेतृत्वमा संरक्षक सदस्यहरु सदस्य रहनेगरी चुम्लुङको कार्यकारिणी अधिकार ग्रहण गर्ने र, यो निर्वाचन आयोगले तथा संरक्षक समितिले ३ महिना भित्रमा पुनः महाधिबेशन सम्पन्न गर्नेछ ।

९ केन्द्रीय महाधिवेशनमा देहाय बमोजिमको सहभागिता रहनेछ ।

९.१ किरात याक्थुङ चुम्लुङ यूकेका संरक्षक, आजीवन, पंजिकृत, मानार्थ सदस्यहरु तथा साधारण सदस्यहरु ।

९.२ साधारण सदस्यहरुलाइ उम्मेद्वार बन्ने वा कुनै पनि विषयमा मत प्रकट गर्ने अधिकार हुने छैन ।

## परिच्छेद - ६ - विशेष केन्द्रीय महाधिवेशन

**१० देहायको अवस्थामा विशेष केन्द्रीय महाधिवेशन हुनेछ ।**

१०.१ किरात याक्थुङ चुम्लुङका दुई तिहाइ शाखाहरुले र केन्द्रीय कार्यसमितिका दुई तिहाई पदाधिकारी सदस्यहरुले अध्यक्ष समक्ष विशेष महाधिवेशनको माग गरेमा अध्यक्षले विशेष केन्द्रीय महाधिवेशन बोलाउनु पर्नेछ । तर बिशेष महाधिवेशन माग हुनको कारण र उक्त बिषयमा शाखा कार्यसमितिमा छलफल र बहुमतले पारित हुनु पर्नछ।

१०.२ केन्द्रीय कायसमितिका ५१ (एकावन्न) प्रतिशत कार्यसमिति सदस्यहरुले संरक्षक समिति समक्ष राजीनामा पेश गरेमा संरक्षक समितिको जेष्ठ सदस्यले विशेष केन्द्रीय महाधिवेशन बोलाउनु पर्नेछ ।

१०.३ केन्द्रीय कार्यसमितिले थप ३ महिना समय भित्र पनि केन्द्रीय महाधिवेशनको आयोजना गर्न नसके संरक्षक समितिले संरक्षक सदस्य, आजीवन सदस्य, पुर्व अध्यक्षहरुसंग सल्लाह लिई ३ महिना भित्र विशेष महाधिवेशन बोलाउनेछ । तीन (३) महिनासम्म चुम्लुङको कार्यकारी अधिकार संरक्षक समिति मा रहनेछ ।

१०.४ विशेष महाधिवेशन माग गरिएको ३ (तीन) महिना भित्र बस्नु पर्नेछ । विशेष महाधिवेशनको अध्यक्षता केन्द्रीय कार्यसमितिका अध्यक्षले बोलाएको अवस्थामा नीजले र संरक्षक समितिका जेष्ठ सदस्यले बोलाएको अवस्थामा जेष्ठ संरक्षक सदस्यले गर्नेछन ।

१०.५ अध्यक्षको अनुपस्थितिमा केन्द्रीय कार्यसमितिको निर्णय अनुसार ४ जना उपाध्यक्ष मध्ये एक जनाले र संरक्षक समितिको हकमा दोश्रो जेष्ठ सदस्यले विशेष महाधिवेशनको अध्यक्षता गर्नेछ ।

१०.६ विशेष केन्द्रीय महाधिवेशनले नियमित महाधिवेशनको हैसियत राखि सम्पूर्ण कामहरु गर्नेछ ।

१०.७ केन्द्रीय र्कासमितिको निर्वाचनका हकमा भने बाँकी रहेको कार्यकाल सम्मको लागि मात्र केन्द्रीय कार्यसमितिको निर्वाचन गर्नेछ ।

## परिच्छेद - ७ - वार्षिक साधारण सभा

११. केन्द्रीय महाधिवेशन नपरेको हरेक एक वर्षमा किरात याक्थुङ चुम्लुङ यूकेको वार्षिक साधारण सभा सम्पन्न हुनेछ। वार्षिक साधारण सभामा किरात याक्थुङ चुम्लुङ युकेका सम्पूर्ण पंजिकृत सदस्यहरुले भाग लिन पाउनेछन्। वार्षिक साधारण सभाको अध्यक्षता केन्द्रीय कायसमितिको अध्यक्षले र अध्यक्षको अनुपस्थिमा केन्द्रीय कार्यसमितिले तोकेको उपाध्यक्षले गर्नेछन्। वार्षिक साधारण सभाको संचालन केन्द्रीय महासचिवले र महासचिवको अनुपस्थिमा सचिवले गर्नेछन् ।

१२ वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१२.१ वार्षिक साधारण सभामा चुम्लुङको प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा बिभिन्न समसामयिक प्रस्ताव उपर छलफल गरि पारित गरिनेछ।

१२.२ केन्द्रीय कार्यसमितिको कामकारवाहीको मूल्याङ्कन गरी आवशयक निर्देशन दिने।

१२.३ बार्षिक साधारण सभामा केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा नियमावलीहरु शंसोधन वा पुनर्लेखन गर्न सक्ने छ।

## परिच्छेद - ८ - केन्द्रीय कार्यसमितिको गठन

१३. **केन्द्रीय कार्यसमितिको गठन**

१३.१ किरात याक्थूङ चुम्लुङ युकेको ११ जना पदाधिकारीहरु देहाय बमोजिम रहनेछन। अध्यक्ष-१, उपाध्यक्ष -४ (महिला उपाध्यक्ष-१), महासचिव-१, सचिव-१, सह-सचिव (महिला सह-सचिव)-१, कोषाध्यक्ष-१, सह-कोषाध्यक्ष-२ । किरात याक्थूङ चुम्लुङ युकेको केन्द्रीय कार्यसमितिमा ११ जना पदाधिकारीहरु, बिभागीय प्रमुखहरु, शाखाहरुबाट निर्वाचित केन्द्रिय सदस्यहरु, थामेन्दिङमा चुम्लुङको अध्यक्ष, याक्थूङ कुस्सा चुम्भोको अध्यक्ष र शाखा नभएका क्षेत्रहरुमा सो क्षेत्रवाट चुम्लुङमा प्रतिनिधी गर्ने क्षेत्रीय प्रतिनिधीहरु रहनेछन।

१३.१.१. याक्थुङ महिला सदस्यहरुलाई किरात याक्थुङ चुम्लुङका प्रत्येक कार्यक्रमहरुमा शसक्त सहभागिता गर्न गराउन सम्पूर्ण महिलाहरुका प्रतिनिधित्व रहनेगरि थामेन्दिङमा चुम्लुङको अधिवेशनबाट केन्द्रीय कार्यसमितिमा प्रतिनिधि गर्ने महिला उपाध्यक्ष-१ र सह-सचिव - १ चयन गर्नेछ।

१३.१.२. (थामेन्दिङमा) महिला उपाध्यक्ष-१ र (थामेन्दिङमा) महिला सह-सचिब-१ यो उल्लेखित दुइ पदहरुमा थामेन्दिङमाको अधिवेशनबाट निर्वाचित भएर केन्द्रीय कार्यसमितिमा रहनेछन। थामेन्दिङमा महिला अधिबेशनमा चुमलुङ युकेका सम्पूर्ण महिला सदस्यहरुको सहभागिता रहनेछ। थामेन्दिङमा समितिमा सहभागी नरहेका महिला सदस्यहरुले पनि भाग लिन पाउनेछन।

१३.१.३. बिभागका बिभागीय प्रमुखहरुलाई कार्यसमिति अध्यक्षले सपथ ग्रहण गराउनुपर्नेछ।

१३.२ शाखा चुम्लुङको संख्या फेरबदल भइ कार्यसमितिको पदाधिकारी तथा सदस्यको कुल संख्या जोडी संख्या हुन आएमा केन्द्रीय कार्यसमितिले १ जना सदस्य थप गर्न सक्नेछ ।

१३.३ शाखाबाट प्रतिनिधी गर्ने केन्द्रीय सदस्यहरु सम्वन्धित शाखा चुम्लुङको अधिवेशनमा निर्वाचित गरी महाधिवेशनमा पठाउन पर्नेछ। तर नीजको कार्यकाल महाधिबेशनमा पदाधिकारीहरुको चयनसगै शपथग्रहण पछिमात्र शुरुवात भएको मानिनेछ।

१३.४ केन्द्रीय कार्यसमितिमा प्रत्येक शाखा चुम्लुङका अध्यक्षहरु, थामेन्दिङमा चुम्लुङका अध्यक्ष, याक्थुङ कुसा चुम्भोको अध्यक्ष पदेन सदस्यका रुपमा सम्पूर्ण मताधिकार सहित रहनेछन् । तर गणपुरक संख्याकोरुपमा लिइने छैन।

१३.५ केन्द्रीय कार्यसमितिको अध्यक्ष र महासचिव पदका उम्मेद्वारकालागि केन्द्रीय कार्यसमितिमा कम्तीमा एक कार्यकाल काम गरेको हुनु पर्नेछ । साथै अध्यक्ष र महासचिवको उम्मेद्वारले कुनै अर्को संस्थाको वा कुनै पनि राजनैतिक संस्थाको महत्वपुर्ण पदमा वहाल नरहेको हुन पर्नेछ। केन्द्रीय कार्यसमितिका अन्य पदहरुमा उम्मेद्वार बन्न शाखा चुम्लुङमा वा केन्द्रको कुनै बिभागमा वा कुनै क्षेत्रको क्षेत्रीय प्रतिनिधीको रुपमा (Area Representative ) रही कम्तीमा एक कार्यकाल काम गरेको हुनु पर्नेछ ।

१३.६ निर्वाचित सदस्य तथा पदाधिकारीहरुले अनुसूची ४ बमोजिम शपथ ग्रहण लिनुपर्ने छ ।

१३.७ नव-निवार्चित कार्यसमितिले निवर्तमान कार्यसमिति बाट बढीमा २(दुई) महिना भित्र चुम्लुङको चल-अचल सम्पति जे जती छन दुरुस्त बर-बुझारथ लिनेदिने गरिसक्नुपर्नेछ।

१३.८ केन्द्रीय कार्यसमितिको पदावधि ३ (तीन) वर्षको हुनेछ ।

१४ केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुको काम कर्तव्य र अधिकार

१४.१ **अध्यक्ष**

१४.१.१ किरात याक्थुङ चुम्लुङ यूकेका कार्यकारी प्रमुखका हैसियतले काम गर्ने ।

१४.१.२ किरात याक्थुङ चुम्लुङ यूकेको प्रतिनिधित्व गर्ने ।

१४.१.३ केन्द्रीय महाधिवेशनका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

१४.१.४ केन्द्रीय कार्यसमितिको नियमित बैठकहरुको केन्द्रीय महाधिवेशनको खुलासत्र र बन्द सत्र को अध्यक्षता गर्ने ।

१४.१.५ केन्द्रीय कार्यसमितिले अन्यथा व्यव्यस्था गरेकोमा वाहेक बिभिन्न बिभाग वा समितिको सदस्य नियुक्ति गर्ने । तर कुनैपनि नियुक्ति वा बर्खास्तका सम्बन्धमा कार्यसमितिबाट बहुमतले पारित हुन पर्नेछ।

१४.१.६ कुनै विषयमा मत बरावर भएमा आफ्नो निर्णयक मत प्रयोग गर्ने ।

१४.१.७ केन्द्रीय कार्यसमितिका अन्य पदाधिकारी सदस्यहरुलाई जिम्मेवारी तोक्ने ।

१४.१.८ बिभिन्न बिभाग, कार्यदल, समितिका प्रमुखहरु र शाखा चुम्लुङ अध्यक्षहरु मार्फत सम्वन्धित क्षेत्रको समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने।

१४.१.९ केन्द्रीय कार्यसमितिले तोकेको कार्य गर्ने।

१४.१.१० विधान अन्तर्गत बनेका नियमहरुमा तोकिएका अन्य काम गर्ने।

१४.१.११ बैठक बोलाउन महासचिवलाई निर्देशन दिने।

**१४.२ उपाध्यक्षहरु**

१४.२.१ किरात याक्थुङ चुम्लुङ यूकेलाई नेतृत्व प्रदान गर्नका लागि आवश्यक्ता अनुसार अध्यक्षलाई सहयोग गर्ने।

१४.२.२ बेलायतमा रहेका अन्य विभिन्न संघसंस्थाहरु संग आवश्यक्ताअनुसार समपर्क गर्ने।

१४.२.३ विश्वका बिभिन्न मुलुकका चुम्लुङ वा अन्य संघ सस्थाहरु संग सम्पर्क विस्तार गर्ने।

१४.२.४ चुम्लुङका साधारण, आजीवन, र संरक्षक सदस्यहरुलाई नियमित सम्पर्क गर्ने र उनिहरुको मर्म बुझ्ने।

१४.२.५ चुम्लुङका महत्वपूर्ण कार्यक्रमहरुमा अथिति सत्कारको रेखदेख गर्ने र आवश्यक निर्देशन दिने।

१४.२.६ सदस्य कल्याणकोष अभिवृद्धिको लागि बिविध गतिविधिहरुको नेतृत्व गर्ने।

१४.२.७ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा केन्द्रीय कार्यसमितिले तोके बमोजिमका कार्यहरु गर्ने।

१४.२.८ चुम्लुङ यूकेले सञ्चालन गर्ने सम्पूर्ण कार्यक्रमहरुको तयारी गरि सम्वन्धित शाखा र सदस्यहरु लाई समयमै खबर गर्ने।

१४.२.९ कार्यक्रमको समयमा शाखाहरु संग सहकार्य गरि जनशक्तिको बन्दोबस्त गर्ने।

१४.२.१० कार्यक्रमको समयमा रेष्टुरेन्टहरु वा व्यपारीहरुलाई सम्पर्क गरि स्टलको बन्दोबस्त गर्ने।

१४.२.११ चुम्लुङ यूकेले आयोजना गरेको खेलकुदहरुलाई रेखदेख गर्ने।

१४.२.१२ खेलकुद बिभाग प्रमुखलाई आवश्यक सरसल्लाह र सहयोग गर्ने।

१४.२.१३ अन्य संघ संस्थाहरुले आयोजना गरेको खेलकुदहरुमा चुम्लुङको तर्फबाट सहभागी गराउन खेलाडीहरुको बन्दोबस्त गर्ने।

१४.२.१४ कार्यक्रमहरुमा महिला जनशक्तिको आवश्यक परे महिला कमिटीसंग सहकार्य गरि जनशक्ति उपलब्ध गराउने।

१४.२.१५ चुम्लुङ यूकेको कुनै पनि सदस्यहरु मर्दापर्दा केन्द्रीय कार्यसमितिले अन्त्येष्टि कार्यक्रम गर्नु परेको खण्डमा केन्द्रीय अध्यक्षको सल्लाहमा अन्त्येष्टि कार्यक्रमको नेतृत्व गर्ने।

१४.२.१६ अध्यक्षको अनुपस्थितिमा उनले तोकेको भए तोकिएको उपाध्यक्षले र नतोकेको खण्ढमा केन्द्रिय कार्यसमितिले तोके बमोजिम कार्यभार सम्हाल्ने र केन्द्रीय कार्यसमितिले तोके बमोजिमका कार्यहरु गर्ने।

१४.२.१७ तोकिएका अन्य कार्यहरु गर्ने।

१४.३ **महासचिब**

१४.३.१ केन्द्रीय कार्यसमितिका सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने।

१४.३.२ राष्ट्रिय महाधिवेशन वा केन्द्रीय कार्यसमितिका बैठकहरुको सन्चालन गर्ने र बैठक निर्णयहरु माइन्यूट गर्ने।

१४.३.३ केन्द्रीय कार्यसमितिका गतिविधिहरुको अभिलेख राख्ने र शाखा चुम्लुङका सचिवहरुबाट रिपोर्ट लिने, पत्रचार गर्ने।

१४.३.४ चुम्लुङको प्रगति प्रतिवेदन राष्ट्रिय महाधिवेशनमा र वार्षिक साधरण सभा मा पेश गर्न तयार गर्ने।

१४.३.५ अध्यक्षको निर्देशन बमोजिम वैठक बलाउने। वैठकका एजेण्डाहरु तय गर्ने।

१४.३.६ वैठकमा छलफल गरिने महत्वपूर्ण प्रस्तावहरु प्रत्येत सदस्यहरु तथा शाखाहरुलाई १ महिना अगावै जानकारी गराउने।

१४.३.७ नियमित रुपमा समसामियक सवालहरुमा चुम्लुङको धारणा सर्वसाधरणलाई बिभिन्न माध्यमबाट जानकारी गराउने।

१४.३.८ केन्द्रीय कार्यसमितिले तोकेको कार्यहरु गर्ने।

१४.३.९ तोकिएको अन्य कार्य गर्ने।

१४.४ **सचिब**

१४.४.१ आवश्यक अनुसार महासचिवलाई सहयोग गर्ने।

१४.४.२ महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने।

१४.४.३ चुम्लुङका हरेक कार्यक्रमहरुको लगबुक तयार गरि अभिलेख राख्ने।

१४.४.४ चुम्लुङको प्रत्येक सदस्यहरुको फाइल सुरक्षित साथ आफ्नो रेखदेखमा राख्ने।

१४.४.५ चुम्लुङका हरेक कागजातहरुको विवरण राख्ने।

१४.४.६ तोकिएका अन्य कार्यहरु गर्ने।

१४.५ **सहायक सचिव**

१४.५.१ आवश्यकता अनुसार महासचिव र सचिवलाई सहयोग गर्ने।

१४.५.२ चुम्लुङ यूकेको वेवसाइटलाई रेखदेख गर्ने।

१४.५.३ सिसेक्पा तङ्नाम, र चासोक तङ्नामको लागि चुम्लुङ यूकेको सम्मानित सदस्यहरुको नामवली संकलन गर्ने।

१४.५.४ मिकफुला लाजे छपाउनको लागि आवश्यक लेख रचनाहरु संकलन गरि वार्षिक रुपमा प्रकाशन गर्ने ।

१४.५.५ तोकिएका अन्य कार्यहरु गर्ने ।

१४.६ **कोषाध्यक्ष**

१४.६.१ किरात याक्थुङ चुम्लुङको कोष प्राप्त गर्ने र जिम्मा लिने ।

१४.६.२ सदस्यता शुल्क तथा अन्य विविध श्रोतबाट चुम्लुङलाई प्राप्त आम्दानी कोष व्यवस्थापन तथा संचालन सम्वन्धि नियमावली बमोजिम चुम्लुङको कोषमा जम्म्मा गर्ने । र त्यसको आवधिक विवरण केन्द्रीय कार्यसमितिलाई उपलब्ध गराउने ।

१४.६.३ चुम्लुङको कोष अभिवृद्धिका विभिन्न उपायहरुको प्रस्ताव गर्ने ।

१४.६.४ केन्द्रीय महाधिवेशनले तय गरेका विविध कार्यक्रमहरुका आवश्यक रकम तथा परियोजनाका लागि श्रोत परिचालन सम्वन्धि विवरण तयार गरि प्रस्ताव गर्ने ।

१४.६.५ केन्द्रीय महाधिवेशनमा वा केन्द्रीय कार्यसमितिका वैठकहरुमा केन्द्रीय महाधिवेशनले वा केन्द्रीय कार्यसमितिले पारित गरेका कार्यक्रमहरुकालागि अनुमानित वजेट तयार गरि प्रस्तुत गर्ने ।

१४.६.६ चुम्लुङको कोष व्यवस्थापन र अभिलेख रखाईमा केन्द्रीय कार्यसमिति तथा शाखा चुम्लुङमा एक रुपता कायम गर्न शाखा चुम्लुङ संग आवश्यक आदान प्रदान गर्ने ।

१४.६.७ केन्द्रीय महाधिवेशन र वार्षिक साधारण सभामा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिबेदन दुइ (२) हप्ता अगावै किरात याक्थुंङ चुम्लुङ युकेको कोषको आन्तरिक (internal) र बाह्य (external) लेखा परीक्षण गरी प्रस्तुत गर्ने ।

१४.६.८ विधान तथा नियमावलीमा तोकिएका कार्यहरु गर्ने ।

१४.६.९ तोकिएका अन्य कार्यहरु गर्ने ।

१४.७ **सहायक कोषाध्यक्षहरु**

१४.७.१ कोषाध्यक्षलाई सहयोग गर्ने ।

१४.७.२ कोषाध्यक्षको अनुपस्थितिमा निजले तोके बमोजिम गर्ने ।

१४.७.३ साधारण सदस्यहरु, आजीवन र संरक्षक सदस्यहरुको अभिलेख राख्ने ।

१४.७.४ प्रत्येक ३ महिनामा सदस्यता प्रदान गरिएको वा नवीकरण गरिएको आवधिक विवरण तयार गर्ने ।

१४.७.५ शाखा सचिवबाट सदस्यता आवेदन फारम, सदस्यता शुल्क र सम्वन्धित कागजात बुझिलिइ भर्पाइ गरि दिने ।

१४.७.६ चुम्लुङको जिन्सी विभागको सुपरिवेक्षण गर्ने ।

१४.७.७ चुम्लुङको भर्पाइ रसिदहरुको अभिलेख राख्ने । आवधिक विवरण कोषाध्यक्षलाई बुझाउने ।

१४.७.८ सहयोगका लागि चुम्लुङमा आएका सबै किसिमका निवेदनहरुको अभिलेख राखी वैठकमा जानकारी गराउने ।

१४.७.९ केन्द्रीय कार्यसमितिको निर्णय भए पछि सो को जानकारी सम्वन्धित निवेदकलाई दिने ।

१४.७.१० निवेदकलाई आर्थिक सहयोग गर्न आर्थिक संकलन गर्न परे उक्त कार्यको नेतृत्व गर्ने ।

१४.७.११ चुम्लुङको सदस्य कल्याण कोष संचालनको जिम्मेवारी लिने ।

१४.७.१२ कार्यसमितिले तोकेको अन्य काम गर्ने ।

१४.७.१३ विधान तथा नियमावलीमा तोकिएका कार्य गर्ने ।

## १४.८ केन्द्रीय सदस्यहरु

१४.८.१ केन्द्रीय कार्य समितिका सदस्य केन्द्रीय कार्य समितिबाट संचालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यन्वयनका लागि क्रियाशिल रहने।

१४.८.२ केन्द्रीय कार्य समितिको निर्णय बमोजिमका कार्यहरु गर्ने ।

१४.८.३ बेलायतमा सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरु, परियोजनाहरु तयार गरि वैठकमा महासचिव मार्फत छलफलका लागि पेश गर्ने ।

१४.८.४ केन्द्रीय कार्य समितिको निर्णय आफ्नो शाखा, क्षेत्रमा वा विभागमा जानकारी गराउने साथै केन्द्र र शाखा, क्षेत्र र बिभाग बिच समन्यात्मक भूमिका निर्वाह गर्ने ।

१४.८.५ केन्द्रीय कार्य समितिको वैठकमा भाग लिने ।

१४.८.६ सम्वन्धित विभागको प्रगति विवरण वैठकलाई जानकारी गराउने ।

१४.८.७ तोकिएका अन्य कामहरु गर्ने ।

## १४.९ केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

१४.९.१ केन्द्रीय कार्य समितिले संरक्षक, आजीवन, पंजिकृत र मानार्थ सदस्यता प्रदान गर्नेछ ।

१४.९.२ केन्द्रीय कार्य समितिले विधान वा विधान अन्तर्गत बनेका नियमहरु बमोजिम आवश्यता अनुसार शाखा चुम्लुङको गठन गर्न सक्नेछ । कुनै क्षेत्रमा गठन भइ सकेको समितिले चुम्लुङको उदेश्य र विधान मान्न सहमत भएको लिखित प्रतिवद्धता केन्द्रीय कार्य समितिलाई प्राप्त भए त्यस्तो समितिलाई चुम्लुङको शाखाको रुपमा मान्यता प्रदान गर्न सक्नेछ । मान्यता प्राप्त गरेको मिति देखि उक्त शाखा चुम्लुङ अन्य शाखाहरु समान हुनेछन् ।

१४.९.३ केन्द्रीय कार्य समितिले चुम्लुङको विधान, विधान अन्तर्गत बनेका नियमहरु र केन्द्रीय कार्य समितिका निर्णय निर्देशन पालाना नगर्ने शाखाको विघटन गर्न सक्ने छ । शाखा विघटन पश्चात केन्द्रीय कार्य समितिले एक तदर्थ शाखा चुम्लुुङ कार्य समिति गठन गरि ३(तीन) महिनाभित्र शाखा अधिवेशनको आयोजना गरि शाखा चुम्लुङ पुनर्गठन गर्न सक्नेछ ।

१४.९.४ किरात याक्थुङ चुम्लुङ यूकेको उदेश्य विपरित कार्य गर्न वा चुम्लुङको विधानको उल्लंघन गर्ने चुम्लुङका कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्वन वा निस्काशन गरि साधारण सदस्यता मात्र कायम गर्न सक्नेछ। तर निश्काशित वा निलम्वित किरात याक्थुङ चुम्लुङ यूकेको सदस्यले कार्य समिति सामु अपिल गरेको खण्डमा कार्य समितिको बैठकले तत्काल एक आयोग गठन गरी नीजलाई उचित सुनावाइको अवसर दिइनु पर्नेछ।

१४.९.५ किरात याक्थुङ चुम्लुङ युकेको उदेश्य बिपिरत कार्य गर्ने वा चुम्लुङको बिधान उलंघन गर्ने, चुम्लुङको हित बिपरित दुश्प्रचार गरी सदस्यहरुलाई दुरुत्साहन तथा दीगभ्रमित तुल्याउने, चुम्लुङ प्रति अनर्गल प्रचार प्रसारमा संलग्न रहेको उजुरी परेका पदाधिकारीलाई तुरुन्तै पदबाट निलम्वन गरी आवश्यक छानबिन गर्न अध्यक्ष वा कार्य समितिले तोकेको कुनै ब्यक्तिको संयोजकत्वमा छानबिन समिति गठन गर्नेछ।

१४.९.६ धारा १५.९.५ अनुसार दोषी नदेखिएको खण्डमा वाँकी कार्यकालको लागि नीजको पद पुनर्वहाली हुनेछ।

१४.९.७ शाखा कार्य समितीमा पनि धारा १५.९.५ र धारा १५.९.६ लागुहुनेछ तर शाखा अध्यक्षको हकमा भने केन्द्रीय कार्य समितिले तत् सम्बन्धमा काम कार्वाही अगाडि बढाउनेछ।

१४.९.८ केन्द्रीय अध्यक्षको हकमा भने मर्यादाक्रमको आधारमा कुनै एकजना जेष्ठ उपाध्यक्षलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी तोकी नीजलाई आवश्यक छानबिनकोलागि कार्य समितिले संरक्षक समितिमा सिफारिस गर्नेछ।

१४.९.९ केन्द्रीय कार्य समितिले चुम्लुङको बृहत्तर उदेश्य प्राप्तिकालागि विभिन्न सांस्कृतिक कार्यक्रमहरु, विचार गोष्टीहरु, सेमिनारहरु, तालिम शिविरहरुको आयोजनाहरु गर्न सक्नेछ।

१४.९.१० कार्यक्रममा आवश्यक परे सहभागीहरुका लागि प्रवेश शुल्क तोक्ने सक्नेछ।

१४.१०.१ केन्द्रीय कार्य समितिले सम्पूर्ण यूकेवासी लिम्बूहरु एकैथलोमा सहभागी हुने गरी कार्यक्रमहरुको आयोजना गर्न सक्नेछ।

१४.१०.२ केन्द्रीय कार्य समितिले चुम्लुङको प्रतिनिधित्व गर्दै विभिन्न व्यक्ति, संघसंस्था, सरकार वा विभिन्न पक्षहरु संग सम्झौता गर्न सक्ने छ।

१४.१०.३ केन्द्रीय कार्य समितिले चुम्लुङको वा चुम्लुङका लागि चल अचल सम्पति विक्रि वा खरिद गर्न सक्नेछ। तर यसकालागि संरक्षक, आजीवन तथा पंजिकृत सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ। चुम्लुङदेनका हकमा भने यो लागु हुने छैन।

१४.१०.४ विधानको मातहतमा विभिन्न नियमावली पारित गरि लागू गर्न सक्नेछ।

१४.१०.५ आवश्यक अनुसार विभिन्न विभाग, समिति, कार्यदल, अध्ययन समूह, वार्ताटोली, संचालक समितिको गठन गरि ती निकायहरुको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ।

१४.१०.६ केन्द्रीय कार्य समितिले विभिन्न कार्यक्रमका लागि संयोजक तोकी नीजको काम कर्तव्य र अधिकार तोक्न सक्नेछ।

१४.१०.७ केन्द्रीय कार्य समितिले आवश्यक्ता अनुसार वैतनिक वा अवैतनिक कर्मचारी नियुक्त गरी निजको काम, कर्तव्य, तलव सेवा र सुविधा तोक्न सक्नेछ ।

१४.१०.८ शाखा चुम्लुङ गठन नभएका क्षेत्रमा चुम्लुङका गतिविधिहरु संचालन गर्न क्षेत्र प्रतिनिधिहरु चयन गर्न सक्नेछ । र उक्त क्षेत्रीय प्रतिनिधि त्यो क्षेत्रको प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यको हैसियतमा रहनेछ।

१४.१०.९ यसरी चयन गरिएका क्षेत्र प्रतिनिधिले विधानको धारा १८ बमोजिम शाखा गठन गर्न सकिने ठोस आधार भएका क्षेत्रमा चयन भएको मिति देखि ६ महिना भित्र शाखा चुम्लुङ तदर्थ समिति गठन गरि सक्नु पर्नेछ ।

१४.१०.१० केन्द्रीय कार्य समितिको मातहतमा रहने गरि सम्पूर्ण बेलायत वासी लिम्बूहरु भेला हुन सक्ने गरि चुम्लुङ देनको व्यवस्था गर्न चुम्लुङदेन व्यवस्थापन समिति गठन गरि समितिको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ । चुम्लुङदेन ब्यबस्थापन समिति निर्माण गर्दा सो क्षेत्रमा काम गरिसकेका बिज्ञ तथा प्राविधिक ब्यक्तिहरु अनिबार्य रुपमा नियुक्त गर्नपर्नेछ।

१४.१०.११ केन्द्रीय कार्य समितिको मातहतमा रहने गरि महिलाहरुलाई चुम्लुङका गतिविधिहरुमा क्रियाशिल बनाउन यसै बिधानको परिच्छेद ९ धारा १६ बमोजिम “थामेन्दिङमा चुम्लुङ” को गठन गरी त्यसको काम कर्तव्य अधिकार र सांगठानिक ढांचा तोक्न सक्नेछ।

१४.१०.१२ केन्द्रीय कार्य समितिको मातहतमा रहने गरि युवाहरुलाई चुम्लुङका गतिविधिहरुमा क्रियाशिल बनाउदै युवा उर्जालाई रचनात्मक कार्यमा लगाउन १८ देखि ३५ बर्षको उमेर समुहका लिम्बू युवा यूवतिहरु सहभागीहुन सक्ने गरि याक्थूङ कुस्सा चुम्भोको गठन गरी त्यसको काम कर्तव्य अधिकार र सांगठानिक ढांचा तोक्न सक्नेछ ।

१४.१०.१३ केन्द्रीय कार्य समितिको मातहतमा रहने गरि आवश्यक्ता अनुसार तेस्रो लिंगीहरुलाई चुम्लुङका गतिविधिहरुमा क्रियाशिल बनाउन तेस्रो लिंगी समूहको प्रतिनिधि को चयन गर्न सक्नेछ ।

१४.१०.१४ केन्द्रीय कार्य समितिले केन्द्रीय कार्य समिति प्रति उत्तरदायी हुने गरि अन्य विभिन्न संघ संस्था वा चुम्लुङ सम्वद्ध महासंघमा चुम्लुङको प्रतिनिधित्व गर्न प्रतिनिधित्वहरु तोक्न सक्नेछ ।

१४.१०.१५ केन्द्रीय कार्य समितिलाई विभिन्न विषयमा सल्लाह दिन सक्ने विभिन्न विषय वा क्षेत्रमा दखल भएका बुद्धिजिवीहरुलाई सल्लाहकारको रुपमा चयन गर्न सक्नेछ ।

१४.१०.१६ हाम्रो समाजमा परापुर्वकाल देखि प्रचलित तुम्याङहाङ प्रणालीलाई जीवन्त राख्दै समाजमा निरन्तर प्रयोगमा ल्याउनका लागि तत्कालिन दश लिम्वूवान सत्र थुमको प्रतिनिधि रहनेगरी याक्थूङहरुका ईतिहास, मुन्धूम, मौलिक धर्म, परम्परा, भेष-भूषा, भाषा, लिपी, संस्कृति तथा संस्कारहरुको बारेमा ज्ञान भएका बुद्धीजीवीहरुको एक तुम्याङहाङ परिषद गठन गर्न सक्नेछ।

१४.१०.१७ मौलिक धर्म संस्कृति, सांस्कृतिक कार्यक्रम, धार्मिक पुजा-अनुष्ठान, भेष-भूषा, भाषा,आदि कुनै पनि सरोकारका बिषयमा बिबाद, छलफल सृजना भएको खण्डमा तुम्याङहाङ परिषदलाई

सल्लाहकार परिषद सो सरह छलफलमा सहभागी गराई आवश्यक सर-सल्लाह, परामर्श गरिनेछ ।

१४.१०.१८ केन्द्रीय कार्य समितिले सम्मान, पुरस्कार, पदक को स्थापना गरि प्रदान गर्न सक्नेछ । यसका लागि अन्य इच्छुक व्यक्तिहरु समेतलाई पुरस्कार स्थापनामा सहभागी गर्न सक्नेछ ।

१४.१०.१९ चुम्लुङको नियमित कार्य सम्पन्न गर्नकालागि केन्द्रीय कार्य समितिका पदाधिकारी रहेको एक केन्द्रिय सचिवालयको गठन गर्न सकिनेछ । केन्द्रिय सचिवालयले गरेका निर्णयहरु अनुमोदनका लागि केन्द्रीय कार्य समितिको बैठकमा प्रस्तुत गराउन पर्नेछ ।

१४.१०.२० केन्द्रीय कार्य समितिको वैठक केन्द्रीय कार्य समितिले तोके बमोजिम बस्नेछ । केन्द्रीय कार्य समितिको कार्यकाल ३ (तीन) वर्षको हुनेछ ।

## १५ संरक्षक समिति

१५.२ संरक्षक सदस्यहरु स्वतः सदस्य रहने गरि एक संरक्षक समिति रहने छ ।

१५.३ संरक्षक समितिको कामकर्तव्य र अधिकार देहाय वमोजिमहुनेछ ।

१५.४ संरक्षक समिति समक्ष केन्द्रीय कार्यसमितिको ५१ (एकावन्न) प्रतिशत पदाधिकारी सदस्यहरुले सामुहिक राजिनामा दिएमा चुम्लुङको विशेष केन्द्रीय महाधिवेशन वोलाउने ।

१५.५ केन्द्रीय महाधिवेशनमा कारणबस केन्द्रीय कार्य समितिको निर्वाचन सम्पन्न हुन नसकेको खण्डमा निर्वाचन आयोगको नेतृत्वमा संरक्षक सदस्यहरु सदस्य रहनेगरी चुम्लुङको कार्य कारिणी अधिकार ग्रहण गर्ने र, यो निर्वाचन आयोग र संरक्षक समितिले तोकिएको समयमा पुनः महाधिबेशन सम्पन्न गर्नेछ।

१५.६ संरक्षक समितिको अध्यक्षता जेष्ठ संरक्षक सदस्यले गर्नेछ ।

# परिच्छेद - ९ - थामेन्दिङमा चुम्लुङको गठन, काम कर्तब्य र अधिकार

## १६ थामेन्दिङमा चुम्लुङ गठन

किरात याक्थुङ चुम्लुङ युकेको बिभिन्न गतिबिधीहरुमा महिलाहरुको ब्यापक सहभागिता एबं महिलाहरुसंग सम्बन्धित बिभिन्न सवालहरुलाई पहिचान गर्दै त्यस्ता सवालहरुमा चुम्लुङको नीति तथा कार्ग्रक्रमहरु तय गर्न थामेन्दिङमा चुम्लुङ रहनेछ। थामेन्दिङमा चुम्लुङको गठन देहाय बमोजिम हुनेछ।

१६.१ अध्यक्ष १, उपाध्यक्ष १, महा-सचिब १, सचिब १, कोषाध्यक्ष १, सह-कोषाध्यक्ष १ र कम्तिमा ३ सदस्य रहनेगरि जम्मा ९ सदस्यीय थामेन्दिङमा चुम्लुङ कार्य समितिको गठन हुनेछ । थामेन्दिङमा चुम्लुङले आवश्यक परेमा थप २ दुईजना सदस्य पनि मनोनित गर्न सक्नेछ। सोही

अधिवेशनले  बिधान को धारा १३.१.१ बमोजिमको केन्द्रीय उपाध्यक्ष-१ र सह-सचिव - १ समेत चयन गर्नेछ।

१६.२ थामेन्दिङमा चुम्लुङको अधिवेशन केन्द्रीय महाधिबेशन हुनु भन्दा कम्तिमा एक महिना अगाडी सम्पन्न  हुनु पर्दछ । कारणवश थामेन्दिङमा चुम्लुङको अधिवेशन तोकेको समयमा सम्पन्न नभएमा थामेन्दिङमा चुम्लुङले केन्द्रीय कार्य समिति संग परामर्श गरि बढिमा ६ (६) महिना सम्म अधिवेशनको मिति थप्न सक्नेछ । ६ महिनामा पनि अधिवेशन सम्पन्न गर्न नसकेमा केन्द्रीय समितिले तोके बमोजिम हुनेछ ।

## थामेन्दिङमा चुम्लुङका पदाधिकारीहरुका काम कर्तब्य र अधिकार

१६.३. **अध्यक्ष**

१६.३.१ थामेन्दिङमा चुम्लुङको कार्यकारी प्रमुख तथा केन्द्रीय कार्य समितिको पदेन सदस्यको हैसियतमा काम गर्ने

१६.३.२ थामेन्दिङमा चुम्लुङको प्रतिनिधित्व गर्ने

१६.३.३ थामेन्दिङमा चुम्लुङको अधिवेसनले गरेको निर्णयहरु कार्यान्वयन गराउने

१६.३.४ थामेन्दिङमा चुम्लुङको नियमित बैठकहरुको र थामेन्दिङमा चुम्लुङको अधिवेशनको अध्यक्षता गर्ने

१६.३.५ थामेन्दिङमा चुम्लुङको तर्फ़बाट आवस्यकता अनुसार केन्द्रीय कार्य समितिलाई  थामेन्दिङमा चुम्लुङ सम्बन्धित बिबिध बिषयको जानकारी दिने र आबस्यक्ता अनुसार परामर्श लिने ।

१६.३.६ बैठक बोलाउन सचिवलाई निर्देशन दिने

१६.४ **उपाध्यक्ष**

१६.४.१ थामेन्दिङमा चुम्लुङलाइ नेतृत्व प्रदान गर्नका लागि आबस्यकता अनुसार अध्यक्षलाइ सहयोग गर्ने

१६.४.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा थामेन्दिङमा चुम्लुङ कार्य समितिले तोके बमोजिम कार्यहरु गर्ने

१६.४.३ थामेन्दिङमा चुम्लुङको वा किरात याक्थुङ चुम्लुङ यूकेको कार्यक्रमहरुमा अतिथि सत्कारको रेखदेख गर्ने र आबस्यक निर्देशन दिने

१६.४.४  तोकिएका अन्य कार्य हरु गर्ने

१६.५ **महा-सचिब**

१६.५.१ थामेन्दिङमा चुम्लुङको सम्पूर्ण क्रियाकलाप हरुलाई समन्वय गर्ने

१६.५.२ थामेन्दिङमा चुम्लुङको नियमित बैठकहरु र थामेन्दिङमा चुम्लुङको अधिवेशनको संचालन गर्ने र पारित गरिएका निर्णयहरुको माईन्युट गर्ने ।

१६.५.३ थामेन्दिङमा चुम्लुङ कार्य समितिको गतिविधिहरुका अभिलेख राक्ने र आबस्यक पत्राचार गर्ने
१६.५.४ थामेन्दिङमा चुम्लुङको प्रगति प्रतिबेदन अधिबेशनमा पेस गर्न तयार गर्ने
१६.५.५ अध्यक्षको निर्देसन बमोजिम बैठक बोलाउने र एजेन्डा हरु तयार गर्ने
१६.५.६ बैठकमा छलफल गरिने महत्वपुर्ण प्रस्ताब हरु सबै सदस्य हरुलाई खबर गर्ने

१६.६ **सचिब**
१६.६.१ आवश्यक्ता अनुसार महासचिबलाइ सहयोग गर्ने
१६.६.२ महासचिबको अनुपस्थितिमा निजको तोकेको कार्यहरु गर्ने

१६.७ **कोषाध्यक्ष**
१६.७.१ थामेंदिंङमा चुम्लुङको कोष प्राप्त गर्ने र जिम्मा लिने
१६.७.२ बिबिध श्रोतवाट थामेन्दिङमा चुम्लुङलाई प्राप्त आम्दानी कोष व्याबस्थापन र संचालन नियमावाली बमोजिम थामेन्दिङमा चुम्लुङको कोषमा जम्मा गर्ने र त्यसको आवधिक बिवरण थामेन्दिङमा चुम्लुङलाई उपलब्ध गराउने ।
१६.७.३ थामेन्दिङमा चुम्लुङको कोष अभिबृध्दीका लागि बिभिन्न उपायहरुको प्रस्ताव गर्ने।
१६.७.४ थामेन्दिङमा चुम्लुङको महाधिवेशनमा वा शाखा समितिले पारित गरेका कार्यक्रमहरुको लागि अनुमानित बजेट तयार गरि शाखाको बैठकमा प्रस्तुत गर्ने।
१६.७.५ थामेन्दिङमा चुम्लुङको कोष व्यावस्थापन र अभिलेख रखाईमा थामेन्दिङमा चुम्लुङका शाखाहरुमा एक रुपता कायम गर्न शाखा समितिका कोषाध्यक्ष संग आवश्यक आदान प्रदान गर्ने।
१६.७.६ थामेन्दिङमा चुम्लुङको अधिबेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन तयार गर्ने।
१६.७.७ बिधान तथा आर्थिक नियमावलीमा तोकिएका कामहरु गर्ने।
१६.७.८ तोकिएका अन्य कार्यहरु गर्ने।

१६.८ **सह- कोषाध्यक्ष**
१६.८.१ कोषाध्यक्षलाई सहयोग गर्ने,
१६.८.२ कोषाध्यक्षको अनुपस्थितिमा निजले तोके बमोजिम गर्ने।
१६.८.३ कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने
१६.८.४ बिधान तथा नियमावलीमा तोकिएका कार्य गर्ने।

## १६.९ सदस्य

१६.९.१ थामेदिङमा चुम्लुङवाट संचालित बिबिध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयका लागि क्रियाशिल रहने।

१६.९.२ थामेन्दिङमा चुम्लुङको निर्णय बमोजिमका कार्यहरु गर्ने।

१६.९.३ आफ्नो क्षेत्रमा सम्पन्न गर्न सकिने विबिध कार्यक्रमहरु, परियोजनाहरु तयार गरि बैठकमा सचिव मार्फत छलफलका लागि पेश गर्न।

१६.९.४ थामेन्दिङमा चुम्लुङको बैठकमा भाग लिने।

१६.९.५ तोकिइएका अन्य कार्यहरु गर्ने।

## १६.१० थामेन्दिङमा चुम्लुङको काम कर्तव्य र अधिकार

१६.१०.१ थामेन्दिङमा चुम्लुङको केन्द्रीय अध्यक्ष किरात याक्थुङ चुम्लुङ युकेको शाखा अध्यक्ष सो सरह केन्द्रमा मत अधिकार सहितको पदेन सदस्य हुनेछ।

१६.१०.२ आवश्यक्ता अनुसार थामेन्दिङमा चुम्लुङ संचालन गर्न छुट्टै नियमावाली बनाउन सक्नेछ तर उक्त नियम किरात याक्थुङ चुम्लुङ युकेको बिधान र केन्द्रीय कार्यसमितिले लागु गरेका अन्य नियमावली संग बाझेमा बाझिएका हद सम्म कुनै पनि दफा उपदफाहरु स्वत: खारेज हुनेछ।

१६.१०.३ शाखामा रहेका महिलाहरुलाई परिचालन गर्ने उध्देश्यले आवश्यक्ता अनुसार थामेन्दिङमा चुम्लुङले शाखा स्तरको समिति गठन गर्न सक्नेछ। सो समिति शाखाको बिभाग सरह रहनेछ। थामेन्दिङमा चुम्लुङको शाखा समितिहरुले किरात याक्थूङ चुम्लुङको सम्बन्धित शाखालाई सहयोग गर्नेछ। शाखा कार्य समितिमा अध्यक्ष- १, उपाध्यक्ष-१, सचिव-१ र कोषाध्यक्ष-१ सहित १ जना सदस्य रहनेगरि समिति गठन गर्न सक्नेछ। आवश्यक्ता अनुसार शाखा समितिले थप २ (दुई) जना सदस्य पनि मनोनित गर्ने सक्नेछ। समितिमा कम्तिमा एक जना युवा महिलाको पनि सहभागिता अनिवार्य रहनुपर्नेछ।

१६.१०.४ किरात याक्थुङ चुम्लुङको बिभिन्न निकायहरुमा महिलाहरुलाई पद ग्रहण गरि जिम्मेवारी लिन उत्प्रेरित गर्ने।

१६.१०.५ थामेन्दिङमा चुम्लुङले वर्षमा १ पटक वार्षिक साधारण सभाको आयोजना गर्नुपर्नेछ। बार्षिक साधारण सभामा थामेन्दिङमा चुम्लुङले आवश्यक्ता अनुसार गठन गरेका सबै शाखा समितिहरु, सल्लाहकारहरु र शाखा नभएका क्षेत्रमा बसोवास गर्ने साथै सम्पूर्ण याक्थुङ पंजिकृत महिला सदस्यहरु आजीवन र संरक्षक सदस्यहरुको सहभागिता रहनेछ।

१६.१०.६ किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्य समितिसंग परामर्श गरि याक्थुङ महिलाहरुको लागि बिभिन्न कार्यक्रमहरुको आयोजना गर्ने।

१६.१०.७ थामेन्दिङमा चुम्लुङले आफ्नो छुट्टै कोषको स्थापना गरि स्वतन्त्रता पुर्वक सञ्चालन गर्ने सक्नेछ र यस्तो कोष ब्यावस्थापन एवं सञ्चालनको लागि आर्थिक नियमावली पारित गरि लागु गर्ने सक्नेछ।

१६.१०.८ थामेन्दिङमा चुम्लुङले आवश्यक्ता अनुसार एक सचिवालय गठन गर्न सक्नेछ। तर, सचिवालयको निर्णयलाई कार्य समितिको बैठकमा अनुमोदन गराउनुपर्नेछ।

## परिच्छेद – १० याक्थूङ कुस्सा चुम्भो गठन, काम कर्तव्य र अधिकार

१७. वेलायतमा बसोवास गर्ने सम्पूर्ण याक्थूङ कुस्साहरुलाई संगठीत गर्दै चुम्लुङ युकेमा एकाकार गर्दै लैजाने उध्देश्यले "याक्थूङ कुस्सा चुम्भो युके" गठन गरिनेछ।

१७.१ "याक्थूङ कुस्सा चुम्भो" को देहाय बमोजिको एक कार्यसमिति रहनेछ।

१७.१.१ अध्यक्ष-१, उपाध्यक्ष-२( एक जना महिला अनिवार्य), सचिव-१, कोषाध्यक्ष-१, प्रचार प्रसार, मिडिया सचिव- १, जनसम्पर्क सचिव-१, संस्कृति सचिव-१, र शैक्षिक सचिव-१ गरि ९ जनाको पदाधिकारी र १६ शाखाहरुबाट एक एक जना प्रतिनिधी रहने गरि जम्मा २५ सदस्यीय कार्य समिति रहनेछ ।

१७.१.२, .शाखा नरहेको क्षेत्रमा बसोवास गर्ने कुनै युवाहरु आवद्ध हुन चाहेमा कार्यसमितिले आवस्यक्ता अनुसार मनोनयन गर्न सक्नेछ।

१७.१.३ याक्थूङ कुस्सा चुम्भोमा आवद्ध रही चुम्लुङको गतिबिधीमा संलग्न रहने कुनै पनि याक्थूङ कुस्साहरुको उमेर कम्तिमा १८ देखि ३५ बर्षको उमेरलाई मानिनेछ।

### १७.२ याक्थूङ कुस्सा चुम्भो पदाधिकारीको काम कर्तव्य र अधिकार

१७.२.१ याक्थूङ कुस्सा चुम्भो युकेको अध्यक्ष चुम्लुङ युके केन्द्रीय कार्य समितिको पदेन सदस्य रहनेछ।

१७.२.२ धारा १७.२.१ १७.२.१ अनुसार पदेन सदस्य रहने हुनाले अन्य पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार पनि शाखा समितिका पदाधिकारी सो सरह हुनेछ।

१७.२.३ याक्थूङ कुस्सा चुम्भोका अन्य सचिवहरुको काम कर्तव्य र अधिकार नियमावली निर्माण गरी निर्धारण गरिनेछ।

### १७.३ याक्थूङ कुस्सा चुम्भो कार्य समितिको काम, कर्तव्य र अधिकार

१७.३.१ सम्पूर्ण क्षेत्रका युवाहरुलाई चुम्लुङमा समाहित गर्नका लागि आवश्यक नीति निर्माण गरी शाखा सरह कार्यक्रम तर्जुमा गर्ने।

१७.३.२ चुम्लुङका हरेक कार्यक्रमहरुमा सहयोगी भूमिका निर्वाह गर्ने।

१७.३.३ सम्पूर्ण याक्थूङ कुस्साहरुलाई संगठीत गर्न एकजना केन्द्रिय याक्थूङ कुस्सा संयोजक (अध्यक्ष) रहनेछ।

१७.३.४ प्रत्येक शाखाहरुमा शाखा कार्य समितिको मातहतमा कम्तिमा पांच सदस्यीय याक्थूङ कुस्सा चुम्भो समितिको गठन गर्नु पर्नेछ ।

१७.३.५ याक्थूङ कुस्सा चुम्भो शाखा समितिमा अनिवार्यरुपमा कम्तिमा एकजना महिला रहनुपर्नेछ।

## परिच्छेद - ११ - शाखा चुम्लुङ

१८ संयुक्त अधिराज्य बेलायतको प्रशासनिक इकाइलाई आधार मान्दै त्यस्ता इकाइहरुमा लिम्बूहरुको बसोवास रहेको क्षेत्रमा किरात याक्थुङ चुम्लुङका शाखाहरु गठन गर्नेछ । न्यूनतम एक बरो काउनसीलमा २० (बीस) लिम्बू परिवार भएको र उनीहरुले शाखा चुम्लुङको गठन गर्न चाहेमा केन्द्रीय कार्य समितिले शाखा गठन गर्नेछ । २ (दुई) वा सो भन्दा बढी बरोकाउन्सीलमा बसोवास गरि रहेका लिम्बूहरुको आपसी सहमति भएमा एकै शाखा चुम्लुङ गठन गर्न पनि सकिनेछ ।

१८.१ शाखा चुम्लुङको अधिवेशन, प्रत्येक ३ (तीन) वर्षमा केन्द्रीय महाधिवेशन सम्पन्न हुन कमसेकम १ महिना अगावै अनिवार्य सम्पन्न गर्नु पर्नेछ । कारणवश शाखा अधिवेशन समयमा सम्पन्न हुन नसक्ने भएमा शाखा समितिले केन्द्रीय समिति संग परामर्श गरि बढिमा ६ (६) महिना सम्म अधिवेशनको मिति बढाउन सक्नेछ । ६ महिनामा पनि शाखा अधिवेशन सम्पन्न गर्न नसकेमा केन्द्रीय समितिले तोके बमोजिम हुनेछ ।

१८.२ शाखा कार्य समितिले शाखा चुम्लुङको अधिवेशन हुने १ (एक) महिना अगाबै एक जना केन्द्रीय पदाधिकारी सहितको एक ३ (तिन) सदस्यीय निर्वाचन आयोगको गठन गर्नु पर्नेछ ।

१८.३ शाखा चुम्लुङको नाम अगाडि "किरात याक्थुङ चुम्लुङ यूके" अनिवार्य राखिनु पर्नेछ।

१८.४ शाखा अधिबेशनमा पारित गरिएका बार्षिक र आर्थिक प्रतिबेदनको लिखित प्रति केन्द्रिय महाधिबेशन हुन अगाडी नै केन्द्रीय कार्य समितिमा पठाउनु पर्नेछ ।

१८.५ किरात याक्थुङ चुम्लुङ युके का शाखाहरु र स्थापना भएको मितिहरू अनुसूची ५ मा उल्लेखित गरिएका छन।

१८.६ शाखा स्थापना भएपछि केन्द्रीय कार्य समितिले आधिकारित्ता प्रदान गर्न अनुसूचि ७ मा उल्लेख भएनुसार आधिकारित्ताको प्रमाण पत्र प्रदान गर्नेछ।

१९ **शाखा चुम्लुङको अधिवेशनमा देहाय बमोजिमको सहभागिता रहनेछ ।**

१९.१ सम्वन्धित क्षेत्रमा बसोवास गरिरहेका संरक्षक, आजीवन, पंजिकृत तथा साधारण सदस्यहरु,

१९.२ शाखा चुम्लुङका सल्लाहकारहरु,

१९.३ सो क्षेत्रमा बसोवास गर्ने तुम्याङहाङहरु

१९.४ चुम्लुङका मानार्थ सदस्यहरु र

१९.५ शाखा समितिले तोकेका पर्यवेक्षकहरु।

**२० शाखा अधिवेशनको कार्यहरु देहाय बमोजिम हुनेछ**

२०.१ स्थानीय स्तरमा शाखा चुम्लुङको नीति तथा कार्यक्रमहरु तय गर्ने।

२०.२ शाखा अधिवेशन उद्घाटन समारोह, बन्द सत्र र घोषणा सभा गरी तीन चरणमा सम्पन्न हुनेछ।

२०.३ उद्घाटन समारोहको अध्यक्षता शाखा समितिको अध्यक्षले र संचालन शाखा सचिवले गर्नेछन्।

२०.४ उदघाटन समारोह पछि बन्द शत्रको शुरुवात हुनेछ र बन्द शत्रमा शाखाका अध्यक्षले अध्यक्षता र सचिवले सभा सञ्चालन गर्नेछ।

२०.५ बन्द शत्रमा प्रस्तुत प्रतिबेदन तथा प्रस्तावहरु पारित भएपछि अध्यक्षले शाखा समिति र सभा बिघटन गर्दै नयाँ कार्य समिति चयनका लागि निर्वाचन आयोगलाई सभा हस्तान्तरण गर्नेछ।

२०.६ बन्दसत्रमा शाखा समितिका पदाधिकारी तथा सदस्यहरु र १ जना केन्द्रीय कार्य समिति सदस्यको चयन गरिनेछ।

२०.७ नयाँ कार्य समितिको निर्वाचन सम्पन्न भए पश्चात बन्द सत्र समापन हुनेछ र घोषणा सभा सुरु गरिनु पर्नेछ।

२०.८ घोषणा सभामा नव निर्वाचित शाखा समितिको घोषणा गरिनेछ। घोषणा सभा सर्वसाधारणा लागि खुला रहनेछ।

२०.९ नव निर्वाचित शाखा समितिका पदाधिकारी एवं सदस्यहरुले प्रविद्धताको सपथ लिनु पर्नेछ।

२०.१० नव निर्वाचित शाखा समितिको प्रतिबद्धता पछि शाखा समितिको कार्यकाल सुरु हुनेछ।

२०.११ विषेश परिस्थितिमा शाखा समितिको निर्वाचन सम्पन्न हुन नसके केन्द्रीय कार्य समितिले तोके बमोजिम हुनेछ।

**२१ शाखा समितिको गठन देहाय बमोजिम हुनेछ।**

२१.१ अध्यक्ष १, उपाध्यक्ष -२ ( उपाध्यक्ष - १,(खुल्ला) र थामेन्दिङ मा चुम्लुङ शाखाको उपाध्यक्ष-१), सचिव १, सह-सचिब -१ कोषाध्यक्ष १, सह-कोषाध्यक्ष १, र कम्तिमा २ सदस्य रहनेगरि जम्मा ९ सदस्यीय शाखा समिति रहनेछ।

२१.२ शाखा समितिले थप ४ जना सदस्य मनोनित गर्न सक्नेछ।

२२ **शाखा समितिका पदाधिकारी एवं सदस्यहरुको काम कर्तव्य र अधिकार।**

२२.१ **अध्यक्ष**

२२.१.१ शाखा चुम्लुङको कार्यकारी प्रमुखको हैसियतले कार्य गर्ने।

२२.१.२ शाखा समितिको प्रतिनिधितव गर्ने।

२२.१.३ केन्द्रीय कार्य समितिको नियमित बैठकमा छलफलका लागि आवश्यक प्रस्तावहरु भए केन्द्रीय सदस्यसंग समन्वय गर्ने।

२२.१.४ चुम्लुङ शाखा अधिवेशनले गरेका निर्णयहरु कार्यान्वयन गराउने।

२२.१.५ शाखा समितिको नियमित वैठकहरुको, शाखा अधिवेशनहरुको अध्यक्षता गर्ने।

२२.१.६ कुनै विषयमा मत बरावर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने।

२२.१.७ शाखा समितिको गठन गरेका विभिन्न बिभाग, कार्यदल, समितिका प्रमुखहरु बाट आवधिक कार्य विवरण लिने र आवश्यक नीति निर्देशन गर्ने।

२२.१.८ आवश्यक्ता अनुसार केन्द्रीय कार्य समितिका अध्यक्षलाई शाखासंग सम्वन्धित विविध विषयको जानकारी दिने र आवश्यक्ता अनुसार परामर्श लिने।

२२.१.९ शाखा समितिले तोकेको कार्य गर्ने।

२२.१.१० विधान अन्तर्गत बनेका नियमावलीहरुमा तोकिएका अन्य काम गर्ने।

२२.१.११ बैठक बोलाउन सचिवलाई निर्देशन दिने।

२२.२ **उपाध्यक्ष**

२२.२.१ शाखा चुम्लुङलाई नेतृत्व प्रदान गर्नका लागि आवश्यक्ता अनुसार शाखा अध्यक्षलाई सहयोग गर्ने।

२२.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा शाखा समितिले तोके बमोजिमका कार्यहरु गर्ने।

२२.२.३ शाखा क्षेत्रमा रहेका अन्य बिविध संघसंस्थाहरु संग आवश्यक्ता अनुसार सम्पर्क गर्ने।

२२.२.४ शाखा क्षेत्रमा रहेका चुम्लुङका पंजिकृत , आजीवन, र संरक्षक सदस्यहरुलाई नियमित सम्पर्क गर्ने र उनिहरुको मर्म बुझ्ने।

२२.२.५ शाखा चुम्लुङका महत्वपूर्ण कार्यक्रमहरुमा अथिति सत्कारको रेखदेख गर्ने र आवश्यक निर्देशन दिने।

२२.२.६ अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले वा शाखा समितिले तोके बमोजिमका कार्यहरु गर्ने।

२२.२.७ तोकिएका अन्य कार्यहरु गर्ने।

२२.३ **सचिब**

२२.३.१ शाखा समितिका सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने।

२२.३.२ शाखा चुम्लुङ अधिवेशन वा शाखा समितिका बैठकहरुको सन्चालन गर्ने र बैठकका संचालन गर्ने निर्णयहरु वैठक पुस्तिकामा लेख्ने ।

२२.३.३ शाखा समितिको गतिविधिहरुको अभिलेख राख्ने र पत्रचार गर्ने ।

२२.३.४ चुम्लुङ प्रगति प्रतिवेदन शाखा चुम्लुङको अधिवेशनमा पेश गर्न तयार गर्ने ।

२२.३.५ अध्यक्षको निर्देशन बमोजिम वैठक बलाउने । वैठकका एजेण्डाहरु तय गर्ने ।

२२.३.६ शाखा चुम्लुङको क्षेत्रमा बसोवास गर्ने चुम्लुङको प्रत्येक सदस्यहरुको फाइल तथा फाइलमा रहेका सदस्यहरुको अभिलेखको प्रतिलिपी राखी हरेक बर्ष केन्द्रमा रहेको रेकर्ड दँजाएर अवाधिक गर्ने ।

२२.३.७ शाखा समितिले तोकेको कार्यहरु गर्ने ।

२२.३.८ तोकिएको अन्य कार्य गर्ने ।

## २२.४ **कोषाध्यक्ष**

२२.४.१ शाखा चुम्लुङको कोष प्राप्त गर्ने र जिम्मा लिने ।

२२.४.२ सदस्यता शुल्क प्राप्त गरि सदस्यता आवेदन संगै केन्द्रीय कोषाध्यक्षलाई बुझाउने ।

२२.४.३ विविध श्रोतबाट शाखा चुम्लुङलाई प्राप्त आम्दानी कोष व्यावस्थापन र संचालन विनियम बमोजिम शाखा चुम्लुङको कोषमा जम्मा गर्ने । र त्येसका अवाधिक विवरण शाखा समितिलाई उपलब्ध गराउने ।

२२.४.४ शाखा चुम्लुङको कोष अभिवृद्धिका विभिन्न उपायहरुको प्रस्ताव गर्ने ।

२२.४.५ शाखा चुम्लुङको अधिवेशनमा वा शाखा समितिले पारित गरेका कार्यक्रमहरुको लागि अनुमानित वजेट तयार गरि प्रस्तुत शाखाको वैठकमा प्रस्तुत गर्ने ।

२२.४.६ चुम्लुङको कोष व्यवस्थापन र अभिलेख रखाईमा केन्द्रीय कार्य समिति तथा शाखा चुम्लुङमा एक रुपता कायम गर्न केन्द्रीय कार्य समितिका कोषाध्यक्ष संग आवश्यक आदान प्रदान गर्ने ।

२२.४.७ शाखा चुम्लुङको अधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन तयार गर्ने ।

२२.४.८ विधान तथा आर्थिक नियमावलीमा तोकिएका कार्यहरु गर्ने ।

२२.९.९ तोकिएका अन्य कार्यहरु गर्ने ।

## २२.५ **शाखा समितिका सदस्यहरु**

२२.५.१ शाखा समितिबाट संचालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यन्वयनका लागि क्रियाशिल रहने ।

२२.५.२ शाखा समितिको निर्णय बमोजिमका कार्यहरु गर्ने ।

२२.५.३ आफ्नो क्षेत्रमा सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरु, परियोजनाहरु तयार गरि वैठकमा सचिव मार्फत छलफलका लागि पेश गर्ने ।

२२.५.४ शाखा समितिको वैठकमा भाग लिने।

२२.५.५ तोकिएका अन्य कामहरु गर्ने।

२२.५.६ धारा २१.२ बमोजिम थप गरिने शाखा पदाधिकारीहरुको काम कर्तब्य शाखा समितिको निर्णय बमोजिम हुनेछ।

## २३. शाखा समितिको काम कर्तव्य र अधिकार

२३.१ किरात याक्थुङ चुम्लुङको शाखालाई स्वायत्त निकायको रुपमा आफ्नो क्षेत्रमा स्वतन्त्रता पूर्वक चुम्लुङका गतिविधहरु गर्ने अधिकार रहनेछ । यो विधान अन्तर्गत बनेको नियमावलीको अधिनमा रहने गरी आफ्नो क्षेत्रमा मात्र लागू हुने गरि विनियम पारित गरि लागू गर्न सक्नेछ।

२३.२ शाखा चुम्लुङले आफ्नो क्षेत्रको लिम्बूहरुको कल्याणको लागि विभिन्न कार्यक्रहरु गर्न सक्नेछ ।

२३.३ शाखा चुम्लुङले आफ्नो छुट्टै कोषको स्थापना गरि स्वतन्त्रता पुर्वक संचालन गर्न सक्नेछ। त्यस कोषको व्यवस्थापन एवं संचालनका लागि शाखा चुम्लुङले कोष व्यवस्थापन तथा संचालन विनियम पारित गरि लागु गर्न सक्नेछ।

२३.४ शाखा चुम्लुङले अधिवेशन र वार्षिक साधारण सभामा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिबेदन कम्तिमा दुइ (२) हप्ता अगावै शाखा समिति कोषको आन्तरिक (internal) र बाह्य (external) लेखा परिक्षण गरी प्रतिवेदन प्रस्तुत गर्न पर्नेछ।

२३.५ शाखा चुम्लुङको कोषबारेमा सम्वन्धित शाखाको क्षेत्रमा बसोवास गर्ने चुम्लुङका सदस्यहरु बाहेक अन्य कसैले प्रश्न उठाउन पाउने छैन। तर शाखा चुम्लुङले त्यस्ता कोषहरुको विवरण प्रकाशन गरेमा वा केन्द्रलाई जानकारी गराउन चाहेमा यो धाराले रोक्ने छैन।

२३.६ चुम्लुङको पंजीकृत, आजीवन र संरक्षरक सदस्यता वितरण गर्न सहयोग गर्नु पर्नेछ। चुम्लुङको सदस्यता लिन इच्छुक व्यक्तिहरुबाट सदस्यता आवेदन फारम र सदस्यता शुल्क बुझिलिइ केन्द्रीय कार्यसमितिमा सदस्यता शुल्क तथा सदस्यता विवरण बुझाउनु पर्नेछ।

२३.७ चुम्लुङको विधान अन्तर्गत बनेका नियमहरु र केन्द्रीय कार्य समितिका निर्णय तथा निर्देशनको पालना गर्नु पर्नेछ।

२३.८ समग्र बेलायतवासी लिम्बूहरुको सामूहिक भावनाको उच्च कदर गर्दै केन्द्रीय कार्य समितिले अघिसारेका कार्यक्रमहरु आफ्नो क्षेत्रमा कार्यन्वयन गर्नु पर्नेछ।

२३.९ शाखा समितिले वर्षमा १ पटक शाखाको वार्षिक साधारण सभाको आयोजना गर्नु पर्नेछ। वार्षिक साधारण सभामा सम्वन्धित क्षेत्रमा बसोवास गर्ने सम्पूर्ण पंजीकृत, आजीवन र संरक्षक सदस्यहरुको सहभागिता रहनेछ।

२३.१० शाखा चुम्लुङको नियमित कार्य सम्पन्न गर्नका लागि शाखा समितिका पदाधिकारी रहेको एक शाखा सचिवालयको गठन शाखा चुम्लुङको पूर्ण बैठकमा गठन गर्न सकिनेछ । शाखा सचिवालयले गरेका निर्णयहरु पूर्ण बैठक मा अनुमोदन गराउन पर्नेछ ।

२३.११ शाखा समितिले आवश्यक्ता अनुसार विधानको धारा २९ बमोजिमका विभागहरु शाखा स्तरमा गठन गर्न सक्नेछ ।

२३.१२ शाखा समितिले तोके बमोजिम शाखा समितिको वैठक वस्नेछ ।

२३.१३ शाखा समितिको कार्यकाल ३(तीन) वर्षको हुनेछ ।

२३.१४ केन्द्रिय महाधिवेशन हुन कम्तिमा १ (एक) महिना अगाडिनै आफ्नो शाखाबाट प्रतिनिधि गर्ने केन्द्रिय कार्य समिति सदस्यको नामवली केन्द्रिय कार्य समिति मार्फत केन्द्रिय निर्वाचन समितिलाई जानकारी गराउनु पर्नेछ।

## परिच्छेद - १२ - पद रिक्तता र पद पूर्ति

२४. चुम्लुङको केन्द्रीय तथा शाखा समितिका पदाधिकारी तथा सदस्यहरु देहायको अवस्थामा पदमुक्त हुनेछन् ।

२४.१ केन्द्रीय कार्य समितिका पदाधिकारी वा सदस्यहरुले वा शाखा समितिका अध्यक्षले केन्द्रीय कार्य समितिका अध्यक्ष समक्ष राजिनामा पेश गरी स्वीकृत भएमा ।

२४.२ शाखा समितिका पदाधिकारी सदस्यहरुले अध्यक्ष समक्ष रितपूर्वक राजिनामा पेश गरि स्वीकृत भएमा ।

२४.३ केन्द्रीय कार्य समितिका अध्यक्षले संरक्षक समिति समक्ष रितपूर्वक राजिनामा पेश गरि स्वीकृत भएमा ।

२४.४ वैठकको सूचना प्राप्त गरेको ठोस प्रमाण रहेको तर विना सूचना लगतार तीन पल्ट सूचना नगरी वैठकमा अनुपस्थिति भएमा ।

२४.५ बैठकको पूर्णजानकारी रहदा रहदै पनि ३(तीन) पटक भन्दा बढी बैठकमा अनुपस्थित भएमा,

२४.६ पदाधिकारी वा सदस्यको मृत्यु भएमा ।

२४.७ संस्थाको अहित हुने गतिविधिमा लागि केन्द्रीय कार्य समितिले कारवाही गरेमा ।

२४.८ व्यक्तिगत कारणले स्थायी रुपमा बेलायत बाहिर जानु परेमा ।

२४.९ शाखा समितिको हकमा एक क्षेत्रबाट अर्को क्षेत्रमा स्थायीरुपले वसाइँ सरेमा ।

२५. **केन्द्रीय कार्य समितिको रिक्त रहेको पद देहाय बमोजिम पद पूर्ति गरिनेछ ।**

२५.१ अध्यक्ष पद रिक्त हुन पुगेमा केन्द्रीय कार्य समितिको निर्णय बमोजिम कुनै १ जना उपाध्यक्षले अध्यक्ष समेतको बाँकी अवधिको लागि पदीय जिम्मेवारी लिनेछ र यसको जानकारी बिभिन्न माध्यमवाट सदस्यहरुलाई दिनुपर्नेछ।

२५.२ उपाध्यक्षको कुनै १ पद रिक्त भएमा पदपूर्ति नगरी वहाल रहेका उपाध्यक्षलाई कार्यभार दिन सकिने छ ।

२५.३ महासचिव पद खाली रहेमा सचिवलाई महासचिव तथा सचिव दुवै पदको कार्यभार दिन सकिनेछ ।

२५.४ कोषाध्यक्ष पद रिक्त भएमा सहकोषाध्यक्षलाई नै दुवै पदको कार्यभार दिन सकिनेछ ।

२५.५ मनोनित सदस्य (विभागीय प्रमुख) पद रिक्त हुन आएमा केन्द्रीय कार्य समितिको निर्णय बमोजिम पदपूर्ति गरिनेछ ।

२५.६ शाखा अधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य पद रिक्त हुन आएमा शाखा समितिको निर्णय बमोजिम पदपूर्ति गरिनेछ ।

२६. **शाखा समितिको रिक्त पद देहाय बमोजिम पदपूर्ति गरिनेछ ।**

२६.१ शाखा समितिको अध्यक्ष पद रिक्त हुने भएमा उपाध्यक्षले कार्यवाहक अध्यक्षको रुपमा बाँकी अवधिको लागि पदीय जिम्मेवारी लिनेछ ।

२६.२ उपाध्यक्षको वा सचिव वा कोषाध्यक्ष पद रिक्त हुन आएमा शाखा समितिको निर्णय बमोजिम शाखा समितिको पदाधिकारी वा सदस्यलाई रिक्त पदमा चयन गर्न सकिनेछ ।

२६.३ सदस्य तथा विभिन्न विभाग वा समितिका प्रमूखका पद रिक्त हुन आएमा शाखा समितिको निर्णय बमोजिम सम्वन्धित क्षेत्रमा बसोवास गर्ने चुम्लुङको पंजिकृत सदस्यहरु मध्येबाट पदपूर्ति गर्न सकिछ ।

२६.४ शाखा समितिका ५१ (एकावन्न) प्रतिशत पदाधिकारी सदस्यले केन्द्र समक्ष सामुहिक राजिनामा दिए केन्द्रीय कार्य समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - १३ - कोष तथा लेखा परिक्षण

२७. **कोषः**

२७.१ किरात याक्थुङ चुम्लुङ यूकेको देहाय बमोजिमको कोष हुनेछ । कोषको संचालन तथा व्यवस्थापन कोष व्यवस्थापन संचालन नियमावली बमोजिम हुनेछ। आवश्यक परे केन्द्रीय कार्य समितिले अन्य शिर्षकहरुमा विभिन्न कोषहरुको स्थापना गर्न सक्नेछ। शाखा चुम्लुङको हकमा भने कोष व्यवस्थापन एवं संचालन विनियम बमोजिम विभिन्न कोषहरु स्थापना गरि संचालन गर्न सकिने छ ।

२७.२ किरात याक्थुङ चुम्लुङ यूकेका कुनै पनि कोष (साधारण, कल्याण र चुम्लुङ्देन कोष) सञ्चालनका लागि केन्द्रीय कार्य समितिका अध्यक्ष, महासचिव, र कोषाध्यक्ष; तिन जना मध्ये दुइ जनाको  हस्ताक्षर अनिवार्य हुने गरि खाता संचालन गरिनु पर्दछ।

२७.३ **साधारण कोष**

चुम्लुङको मशलन्द तथा अन्य नियमित खर्चका लागि साधारण कोष रहनेछ। कोष व्यवसथापन तथा संचालन नियमावलीमा तोके बमोजिमको आमदानी बाँधिने तथा तोके बमोजिमको खर्चका लागि भुक्तानी गरिनेछ।

२७.४ **सदस्य कल्याण कोष**

चुम्लुङको सक्रिय सदस्य वा दर्ता भएको नीजको श्रीमती वा श्रीमान को मृत्यू भएमा नीजको परिवारलाई सहयोग गर्नका लागि चुम्लुङको एक सदस्य कल्याण कोष रहनेछ। कोषमा सदस्यता शुल्क, सदस्यता नविकरण शुल्क, तथा केन्द्रीय कार्य समितिको निर्णय बमोजिमका आम्दानि तथा अन्य तोकिएका आम्दानी बाँधिने छ।

२७.४.१ कोषको रकम चुम्लुङको नाममा वैङ्क खाता खोली जम्मा गरिने छ।

२७.५ **चुम्लुङदेन कोष.**

२७.५.१ चुम्लुङदेन सञ्चालनको लागि अलग्गै बैंक खाता रहनेछ।

२७.५.२ चुम्लुङदेन बैक खाताबाट रकम निकासा गर्नका लागि अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये दुई जनाको हस्ताक्षर अनिबार्य रुपमा रहनु पर्नेछ।

२७.५.३, चुम्लुङदेन सम्बन्धी सम्पूर्ण आम्दानी तथा खर्चहरु यसै खाता मार्फत सञ्चालन गर्न पर्नेछ।

२७.५.४ चुम्लुङदेन खाताबाट  केन्द्रीय कार्य समितिको निर्णय बिना कुनै रकम निकासा गर्न सकिने छैन।

## परिच्छेद - १४ - निर्वाचन आयोग

२८. केन्द्रिय कार्य समितिले केन्द्रिय महाधिबेशनमा केन्द्रिय कार्य समितिको निर्वाचन आयोग संयोजक १ (एक) जना र ४ (चार) सदस्य सहित जम्मा ५ (पांच) सदस्यीय निर्वाचन आयोग केन्द्रीय महाधिबेशन हुन भन्दा कम्तिमा दुई महिना अगावै गठन गर्न सक्नेछ। निर्वाचन आयोगले किरात याक्थुङ चुम्लुङद्वारा पारित निर्वाचन नियमावली वमोजिम निर्वाचन सम्पन्न गर्नेछ।

२८.१ शाखा समितिहरुको निर्वाचनका लागि भने केन्द्रीय कार्य समितिले तोकेकका १ (एक) जना निर्वाचन आयुक्त सहित २ (दुई) जना सदस्य रहेको ३ (तीन) सदस्यीय, निर्वाचन आयोगले किरात याक्थुङ चुम्लुङ निर्वाचन नियमावली वमोजिम निर्वाचन सम्पन्न गर्नेछ।

२८.२ केन्द्रीय कार्य समितिको निर्वाचन सम्पन्न हुनसाथ निर्वाचन आयोग स्वतः विघटन हुनेछ ।

## परिच्छेद - १५ - विधानको व्याख्या तथा संशोधन

२९ . यो विधानमा अस्पष्टता भए वा दुई अर्थ लागि अन्यौल सृजना भएको अवस्थामा विधानको व्याख्या गर्ने अधिकार केन्द्रिय कार्य समितिमा अन्तर्निहित हुनेछ ।

२९ .१ पंजिकृत सदस्य, शाखा समिति, केन्द्रिय कार्यसमिति, सल्लाहकार, आजीवन तथा संरक्षक सदस्यहरुले बिधानको कुनै पनि धारा उपधाराहरु शंसोधन गर्न आवश्यक ठानेको खण्डमा महाधिवेशनमा शंसोधित बिधान प्रस्तुत गर्नेगरी केन्द्रिय कार्य समितिले कम्तिमा २ महिना अगाडि बढीमा ३ सदस्यीय बिधान शंसोधन समिति गठन गर्न सक्नेछ।

## परिच्छेद - १६ – विभाग

३०. केन्द्रीय कार्य समितिले आवश्यक्ता अनुसार गठन गर्ने विभागहरु बाहेक स्थायी रुपमा देहाय वमोजिका विभागहरु हुनेछन ।

३०.१ भाषा तथा साहित्य विभाग

३०.२ कला तथा सास्कृतिक बिभाग

३०.३ जिन्सी विभाग

३०.४ प्रकाशन तथा संचार विभाग

३०.५ धर्म तथा संस्कार विभाग

३०.६ खेलकुद विभाग

३०.७ वेभसाइट तथा कम्प्यूटर विभाग

३०.८ अन्तराष्ट्रिय, जनजाती तथा गैर आवासीय नेपाली संघ बिभाग,

## परिच्छेद – १७

## गणपूरक संख्या, दोहोरो हैसियत संस्थाको विघटन, खारेजी र बचाउ, लागु हुने कानून्

३१. **गणपूरक संख्या**

३१.१ केन्द्रीय कार्य समिति, शाखा समिति, विभिन्न विभाग वा समितिका बैठकहरुको गणपूरक संख्या अध्यक्ष बाहेक ५० (पचास) प्रतिशतलाई मानिनेछ ।

३१.२ केन्द्रीय महाधिवेशन र शाखा अधिवेशनको हकमा पहिलो पटक अध्यक्ष बाहेक ५० (पचास) प्रतिशत र पहिलो गणपूरक संख्या नपुगी दाश्रो पटक बैठक बस्न परे एक तिहाई संख्यालाई गणपूरक मानिनेछ ।

३१.३ चुम्लुङको केन्द्रीय महाधिवेशन, शाखा अधिवेशन, केन्द्रिय कार्य समिति वा शाखा समिति वा विभिन्न विभागहरुको बैठकमा प्रस्तुत विषय उपर प्रजातान्त्रिक ढंगले छलफल गरि सर्वसम्मतिले निर्णय गरिनेछ । सर्वसम्मत हुन नसके बहुमतले निर्णय गरिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

३२. **दोहोरो हैसियतको समाप्ति**

३२.१ शाखा समितिको पदाधिकारी वा सदस्य केन्द्रीय कार्य समितिमा मनोनित वा निर्वाचित हुनासाथ शाखा समितिमा निजको पद समाप्त हुनेछ ।

३३. **चुम्लुङको विघटन**

विधान वमोजिम क्रियाशिल हुन नसकि वा विविध कारणबस किरात याक्थुङ चुम्लुङ यूकेको विघटन भएमा चुम्लुङको चलअचल सम्पतिका बारेमा संरक्षक समितिको अगुवाईमा चुम्लुङका सदस्यहरुको बैठक आयोजना गरि निर्णय गर्नेछ । चुम्लुङदेनको हकमा भने यो धारा लागु हुनेछैन ।

३४. **खारेजी र बचाउ**

३४.१ यो भन्दा अघिको किरात याक्थुङ चुम्लुङ यूकेको विधान संसोधन गरिएको छ ।

३४.२ यो विधान लागू हुनुभन्दा अघि यो विधानको धारा ५ वमोजिमको सदस्यताको योग्यता नपुगी सदस्यता वितरण गरेको र सम्बन्धित सदस्यको सदस्यता बहाल रहे सदस्यता कायम रहनेछ ।

३४.३ संशोधन गरी हटाईएको धारा वा उपधारा अन्तर्गत आजसम्म भए गरेको सम्पूर्ण कामहरु यसै विधान अन्तर्गत भए सरह मानिनेछ ।

३४.४ यो बिधान चुम्लुङ युकेको यो मुल कानूनका रुपमा रहने हुनाले कुनै पनि नियम उप नियमहरु यो बिधानको कुनै पनि धारा उपधाराहरुसँग बाझिएको खण्डमा सो नियम उप नियमहरु स्वत खारेज हुनेछ।

३५. **लागू हुने कानून**

३५.१ यो विधान संयुक्त अधिराज्य बेलायतको प्रचलित कानूनले वर्जित गरेको हदसम्म स्वत: खारेज हुनेछ ।

## परिच्छेद - १८ – चुम्लुङदेन

३६. **चुम्लुङदेन सम्बन्धि बिशेष ब्यावस्था निम्ननुसार गरिएको छ।**

३६.१ चुम्लुङदेन किरात याक्थूङ चुम्लुङ युके लिमिटेडका रुपमा रहने हुनाले महाधिवेशनबाट निर्वाचित पदाधिकारीहरु निर्देशकका रुपमा रहनेछन तर निर्देशकका रुपमा रहने सदस्यहरुले चुम्लुङदेन खरिद गर्दा तोकिएको न्युनतम शेयर £३७५ (तीनसय पचहतर पाउण्ड) अनिवार्य रुपमा सहयोग गरेको हुन पर्नेछ।

३६.२ चुम्लुङदेनलाइ ब्यबस्थित रुपले संचालन गर्नका लागि किरात याक्थुङ चुम्लुङ युके को केन्द्रिय कार्य समितिले तोकेको कुनै पनि एक पदाधिकारी निर्देशकका रुपमा रहने गरि कम्तिमा ५ (पांच) सदस्यीय "चुम्लुङदेन बिकाश ब्यबस्थापन समिति" खडा गरि चुम्लुङ देनको संचालन गर्नु पर्नेछ।

३६.३ "चुम्लुङ्देन बिकाश ब्यबस्थापन समिति" किरात याक्थुङ चुम्लुङ युके केन्द्रिय कार्य समितिको मातहतमा रहने छ ।

३६.४ चुम्लुङ्देन विकास या ब्यबस्थापनको योजनाको प्रस्ताब केन्द्रिय कार्य समितिको बैठकमा ल्याउनु पर्नेछ र बृहत छलफल गरि पारित भएमा केन्द्रिय कार्य समितिको पूर्ण बैठकमा अनुमोदन गर्नु पर्नेछ ।

३६.५ चुम्लुङ्देनका शेयरधारकहरु सबैलाई बर्गिकरण (कास्य, रजत, स्वर्ण र हिरक) गरिएको अनुसार रकमको मात्रा उल्लेखित गरि प्रमाण पत्र प्रदान गरिनु पर्दछ ।

३६.६ चुम्लुङदेनका शेयरधारकहरुको बर्गीकरण निम्ननुसार रहनेछ।

१. ३७५ देखि ४९९ पाउण्ड कास्य (Bronze)

२. ५०० देखि ९९९ पाउण्ड रजत (Silver)

३. १००० देखि २९९९ पाउण्ड सम्म स्वर्ण (Gold)

४. ३००० वा सो भन्दा बढि भएमा हिरक (Diamond)

३६.७ स्वर्ण (Gold) र हिरक(Diamond) सहयोगदाताहरु चुम्लुङदेन को स्वत: "ट्रष्टी मेम्वर" का रुपमा रहनेछ।

३६.८ ३००० वा सो भन्दा बढी रकम प्रदान गर्ने सदस्यहरुलाई चुम्लुङ युकेको संरक्षक सदस्य र चुम्लुङका कार्यक्रमहरुमा बिशेष सम्मान प्रदान गरिनेछ।

३६.९ शेयरधारकहरुको नामाकंन सबै भन्दा बढि रकम शेयरधारकहरुको नामबाट क्रमश, अंग्रेजी वर्णमालाको आधारमा र शेयरधारकहरुको नाम एउटै पर्न गए शेयर लिएको मिति, सदस्य नम्वर को आधारमा छुट्याएर नामाकंन गरिनेछ। तोकिएको न्युनतम रकम भन्दा कम सहयोग गर्ने शेयरधारकहरुको नाम चुम्लुङदेन अभिलेख पुस्तिकामा मात्र राखिनेछ।

३६.१० चुम्लुङदेन प्रयोग गरेवापत सदस्यहरुलाइ सेवा-सुविधा, चुम्लुङदेनमा कुनै निर्माण परियोजना गर्नपरेमा कार्य समितिको बैठकले आवश्यक नियमावली पारित गरी सोही अनुरुप गर्नेछ।

## परिच्छेद - १९ - सम्मान तथा पुरस्कार

बर्षको अधिबेसनमा बार्षिक रुपले या महाधिबेसनमा

३७. किरात याक्थुङ चुम्लुङ युकेले निम्न उल्लेखित सम्मान तथा पुरस्कारहरु प्रत्येक बर्ष प्रदान गरिनेछ। तर किरात सिरिजङ्गा अवार्ड हकमा भने लागू हुने छैन।

१ किरात सिरिजङ्गा अवार्ड( प्रत्येक महाधिवेशनमा प्रदान गरिनेछ)

२ चुम्लुङ यूके अवार्ड

३ यलम्बरहाङ अवार्ड

४ कदर पत्रहरु

### ३७.१ किरात सिरिजङ्गा अवार्ड

३७.१.१ लिम्बू भाषा र लिपिको उत्थान, संरक्षण र विकास गर्नको लागि आफ्नो जीवन वलिदान गर्ने सहिद सिरिजङ्गाको संझानामा स्थापित यो सिरिजङ्गा अवार्ड हो।

३७.१.२ यो पुरस्कार यूकेबासी याक्थुङहरुको लागि लिम्बू भाषा, संस्कृति र साहित्यको संरक्षण एवम उत्थानमा पुर्याएको योगदानको आधारमा हरेक महाधिवेशनमा उत्कृष्ट एवं बचनबद्ध व्यक्तिलाई वितरण गरिनेछ।

### ३७.२ चुम्लुङ यूके अवार्ड

३७.२.१ यो पुरस्कार एक सर्वश्रेष्ठ एवं संस्थाप्रति सर्मपित र संस्थाको हितको लागि काम गर्ने व्यक्तिको योगदानलाई कदर गरि बार्षिक रुपमा प्रदान गरिने पुरस्कार हो।

### ३७.३ यलम्बरहाङ अवार्ड

३७.३.१ यलम्बरहाङ अवार्ड सिसाको बिचमा यलम्बरहाङ कपको प्रथम खेलमा खेलाइएको फुटबल र त्यस खेलमा उपस्थित पाहुनाहरु, सल्लाहकारहरु र तत्कालिन केन्द्रिय कार्य समितिका पदाधिकारीहरु सबैको सामुहिक दस्तखतले सुसज्जित भएको फुटबललाइ सजावट गरेर बनाइएको पुरस्कार हो। यो पुरस्कार संस्था प्रति सर्मपित भई यलम्बरहाङ कप र खेलकुदतर्फ व्यक्तिको विशेष योगदानलाई कदर गरेर प्रदान गरिने छ।

३७.३.२ उल्लेखित अवार्डहरु चुम्लुङले बार्षिक रुपमा प्रदान गर्ने छ र यस सम्बन्धि अन्तिम निर्णय केन्द्रीय पदाधिकारीहरुले गर्ने छन।

३७.४ **कदर पत्र**

३७.४.१ यो कदर पत्र किरात याक्थुङ चुम्लुङ बेलायतसँग सम्बन्धित वा अन्य साधारण क्षेत्रमा अविस्मरणिय तथा उल्लेखनिय उपलब्धि हासिल गरेका व्यक्तिलाई प्रदान गरिने छ ।

३७.५ माथि दफा ३७.१, ३७.२ र ३७.३ बमोजिमका अवार्डहरु अवार्ड सम्बन्धि नियमावलीमा तोकिए बमोजिम मूल्याङ्कन गरि योग्य व्यक्तिलाई प्रदान गरिने छ ।

## अनुसूची - १ – प्रतिकचिन्ह

किरात लिम्बू मून्धुम अनुसार संस्कार, संस्कृति र जीवनको संरक्षणको प्रतिक चिन्ह मानिने सिलाम साक्मालाई किरात याक्थुङ चुम्लुङ यूकेको प्रतिक चिन्ह सम्झनु पर्दछ । यो दुबै छेउ तिर खिपेको लम्बाई भएका दुई वटा घुङरिङका टुक्राहरु एक अर्कासंग लम्ब हुने गरी बीच भागलाई जोडी काँचो धागोले पुरा ९ फन्को मारेको हुनु पर्दछ । यसको अवस्थित बुनिएको काँचो धागो जमिनसित ४५ डिग्री कोणमा रहने गरी हुनु पर्दछ ।



## अनुसूची - २ – झण्डा



चुम्लुङको झण्डा देहाय वमोजिमको हुनेछः
क) २०:३ अनुपात साइजको नीलो भूँईको मध्य भागमा सेतो रंगको सिलाम साक्मा अंकित गरिएको हुनेछ
।
ख) निलो भूँईको क्षेत्रफलको १० भागको १ भाग क्षेत्रफल सिलाम साक्माको हुने गरि माध्य भागमा सिलाम साक्मा अंकित गरिएको हुनेछ ।

## अनुसूचि - ३ - संस्थाको लोगो

किरात सिरिजङ्गा लिपिमा माथिल्लो अर्धबृतकार भागमा “किरात याक्थुङ चुम्लुङ यूके” र तल्लो अर्धबृतकार भागमा अंग्रेजीमा Kirat Yakthung Chumlung UK लिपिबद्ध गरी बीचमा संस्थाको लोगो सिलाम साक्मा अंकित गरि ठीक बाँया मध्य भागमा किरात सिरिजङ्गा २००३ र दाँया भध्य भागमा अंग्रेजी अंकमा 2003 संस्थाको छाप हुनेछ।

**अनुसूची - ४ – शपथग्रहण**



आङ्गा ........................................................................... किरात याक्थुङ चुम्लुङ, यूकेलेन कुलुम्गोन येल्चुम्लुङलाम÷पोराक येल्चुम्लुङलाम÷ किरात याक्थुङ चुम्लुङ कुलुम्गोन÷पोराक .............................. चोक्पान्चुम्भोरेन ....................................................ओ मेसेगाङ।

आङ्गा तागेरा निङ्वाभू माङरे कुमिङ्ओ माङ्हुप्सिंङा । चुम्लुङरेन कुगो नु पेलाम ईसिक आताक्फा कुसिङ्वा आयपुक्हा ओगाप्तुङ्र चोक्पेन्हा चोगुङ चुम्लुङ्रेन थाङ्थाङ्वा थोबो चोक्मा आनिङ्वा आसक्मा नु आधक्लोरे सिरुवा थारिक सुम्सुम् येकयेक लरिक नुरीकाङ् याम्बक चोक्का। आताक्फाओ वाःआ र थारिक नु आताक्फा लेरुङांसाङ् किरात याक्थुङ् चुम्लुङ्रेन मेन्नुवा याम्बक मेजोक्कान्लो।

थेची .....................................

येन्नीत ..................................

# अनुसूची - ५ - शाखा र स्थापित भएको मिति

| | | |
|---|---|---|
| १. | किरात याक्थुङ चुम्लुङ युके, वेल्स शाखा | ११ जुन २०१० |
| २. | किरात याक्थुङ चुम्लुङ युके, आसफोर्ड शाखा | २९ अगस्ट २०१० |
| ३. | किरात याक्थुङ चुम्लुङ युके, ग्रेटर रसमोर शाखा | ११ सेप्टेम्बर २०१० |
| ४. | किरात याक्थुङ चुम्लुङ युके, फोल्कस्टोन शाखा | ०२ अक्टोबर २०१० |
| ५. | किरात याक्थुङ चुम्लुङ युके, कान्टबुरी शाखा | २६ मार्च २०११ |
| ६. | किरात याक्थुङ चुम्लुङ युके, स्वीन्डन शाखा | ०४ जुन २०११ |
| ७. | किरात याक्थुंङ चुम्लुङ युके, वेस्ट केन्ट शाखा | २४ जुलाई २०११ |
| ८ . | किरात याक्थुङ चुम्लुङ युके, अक्सफोर्ड शाखा | १९ नोवेम्बर २०११ |
| ९. | किरात याक्थुङ चुम्लुङ युके, वारविकसायर शाखा | २७ नोवेम्बर २०११ |
| १०. | किरात याक्थुङ चुम्लुङ युके, ग्रेटर लन्डन सिनियर शाखा | १० डिसेम्बर २०११ |
| ११. | किरात याक्थुङ चुम्लुङ युके, बेजिंङ्गस्टोक शाखा | १५ अक्टोबर २०१३ |
| १२. | किरात याक्थुङ चुम्लुङ युके, वर्कसायर रेडिंङ् शाखा | २५ मे २०१४ |
| १३. | किरात याक्थुङ चुम्लुङ युके, थोरोक शाखा | १६ अक्टोबर २०१४ |
| १४. | किरात याक्थुङ चुम्लुङ युके, ग्रेटर लन्डन शाखा | २९ अगस्ट २०१५ |
| १५. | किरात याक्थुङ चुम्लुङ युके, कोलचेस्टर शाखा | १६ जनवरी २०१६ |
| १६. | किरात याक्थुङ चुम्लुङ युके, डोङ्कास्टर शाखा | १४ अप्रिल २०२० |

# अनुसूची - ६- सदस्यता आवेदन फारम

**KIRAT YAKTHUNG CHUMLUNG UNITED KINGDOM**

**किरात याक्थुङ चुम्लुङ यूके**

Email: chumlung.org@gmail.com, kycuk.member.org@gmail.com
www.chumlunguk.org, Reg No: 7867712(2011)

## MEMBERSHIP APPLICATION FORM

(In accordance with the KYCUK membership regulation 2013 (3rd amendment) Annex 1

| | | | | | |
|---|---|---|---|---|---|
| Title: | | First Name: | | Surname: | |
| DOB: | | Middle Name | | Nationality: | |
| Address in Nepal (Optional): | | | | | |

| | | | |
|---|---|---|---|
| Home Address:<br><br>Contact No:<br>Email: | | | PHOTO |
| Family Member (s) | Mrs/Mr: | | |
| Under 18 Child 1 | Mr/Miss | | |
| Under 18 Child 2 | Mr/Miss | | |
| Under 18 Child 3 | Mr/Miss | | |
| Under 18 Child 4 | Mr/Miss | | |
| Under 18 Child 5 | Mr/Miss | | |

All personal information provided in this form are true to the best my knowledge. I hereby express my agreement to abide by the KYCUK constitution. I express my consent to use my information for the verification of application process and internal use only. The data shall not be supplied to the third parties.

I wish to be the (please tick) ☐ PATRON ☐ LIFE ☐ REGISTERED Member of the KYCUK.

| | |
|---|---|
| Signature: | Date: |

## FOR OFFICIAL USE ONLY:

Received:

☐ Application Form
☐ Two Passport size photo
☐ Membership application fee Cash £.......................... Cheque No: ......................... Bank Deposit: ......................................

In accordance with the article 15.1 of the KYCUK constitution, the Central Committee has verified and approved membership application submitted by Mr/Mrs ................................................................ on ........................................ is hereby awarded (membership) .................................... member.

| | |
|---|---|
| Approved by: | Appointment: |
| Signature: | Date: |

# अनुसूची - ७ - शाखा चुम्लुङ आधिकारीक प्रमाण पत्र

KIRAT YAKTHUNG CHUMLUNG UNITED KINGDOM
किरात याक्थुङ चुम्लुङ युके
Email: chumlung.org@gmail.com, kycuk.member.org@gmail.com
www.chumlunguk.org, Reg No: 7867712(2011)

## CERTIFICATE OF BRANCH AUTHORISATION

The Kirat Yakthung Chumlung United Kingdom Central Executive Committee hereby certify that, according to the KYCUK constitution and at a branch establishment meeting held on (Date) ................................... at (Location) ................................................................................. the a Quorum being present, said committee, by majority vote of the members present, did consent and authorise .......................................................... (Name of Branch President). For and on behalf of Kirat Yakthung Chumlung United Kingdom I, ................................................................. (Name of KYCUK President) authorise the establishment of the branch and appointment by signing this Certificate today (Date) ....................................

Signature:
Name:
Appointment: President, KYCUK

As laid down in Parichhed 11 of the "Constitution of the Kirat Yakthung Chumlung United Kingdom – Amended March 2022, I hereby declare that I shall fully observe and obey the governance laid down for the branch to the best of my knowledge and ability to fulfil my responsibility. I hereby, on behalf of all members of KYCUK .................... Branch, accept my appointment and sign this Certificate of authorisation of the area branch.

Signature: ......................................................... Date: .......................................
Name: ..........................................................................................................................
Appointment: President KYCUK .......................................................................................Branch
Address:.......................................................................................................................................

## अनुसूची - ८ – चुम्लुङको आचार संहिता

किरात याक्थुङ चुम्लुङ यूकेलाई सम्पुर्ण युकेवासी याक्थुङहरुको प्रतिनिधिमुलक संस्था, आस्थाको केन्द्र र युकेवासी याक्थुङहरुको सामुहिक आकांक्षाको संवाहकको रुपमा विकसित गर्दै याक्थुङहरुको प्रगतिका लागि निश्पक्ष रही कार्य गर्न किरात याक्थुङ चुम्लुङको विभिन्न तहमा आवद्ध पदाधिकारी तथा सदस्यहरुले पालना गर्नका लागि देहाय वमोजिमको आचार संहिता लागू गरिएकोछ।

१. **राजनैतिक आवद्धताका सम्बन्धमा**

१.१ खुल्ला समाज, मानवअधिकार र कानूनी राज्यको पक्षमा चुम्लुङको पदाधिकारी एवं सदस्यहरु, प्रतिवद्ध रहनेछन्। व्यक्तिगत रुपमा आफूले चाहेमा कुनैपनि राजनैतिक पार्टी वा राजनैतिक पार्टीका विचारसंग सम्बद्ध वा सहमत रहन सक्नेछन्। तर चुम्लुङको केन्द्रीय कार्य समितिका पदाधिकारीहरुले नेपाल वा वेलायतमा क्रियाशिल राजनैतिक पार्टीहरुको समितिहरुमा वा पार्टीका वर्गीय वा भातृ संस्था वा पार्टीलाई प्रतिनिधित्व गर्ने कुनै पनि निकायमा पदीय जिम्मेवारी लिन पाईने छैन।

१.२ कुनै पनि संचार माध्यमहरु मार्फत कुनैपनि राजनैतिक पार्टीको पक्ष वा विपक्षमा लिखित वा मौखिक टिकाटिप्पणी गर्न पाइने छैन। तर यो बुँदाले यसै बुँदामा उल्लेख गरिएका विषय उपर राजनैतिक पार्टीका नीति तथा कार्यक्रमहरु उपरको तुलनात्मक अभिव्यक्तिलाई रोक्ने छैन।

१.३ किरात याक्थुङ चुम्लुङका महत्वपूर्ण कार्यक्रमहरुमा कुनैपनि राजनैतिक पार्टीका नेता वा प्रतिनिधिहरुलाई आफ्नो भनाई राख्न दिईने छैन। तर चुम्लुङले खास खास सवालका लागि विभिन्न राजनैतिक पार्टीका प्रतिनिधिहरु निमन्त्रणा गरि सम्पन्न गर्ने कार्यक्रममा यो बुँदा लागू हने छैन।

१.४ कुनै पनि सदस्यले चुम्लुङको बैठकहरुमा, कार्यक्रमहरुमा, सभा सम्मेलनहरुमा कुनै पनि राजनैतिक पार्टीका पक्षमा वहरुकालत गर्न, प्रचार सामाग्रीहरु बिक्री वितरण गर्न, चन्दा संकलन गर्न, मत माग्न वा आफु सम्बद्ध वा सहमत राजनैतिक पार्टीसंग सहमत हुने व्यक्तिहरुको मात्र भेला वा छलफल गर्ने वा चुम्लुङको गतिविधीहरुको बारेमा सूचना दिने र उनीहरुलाई मात्र चुम्लुङको गतिविधिहरुमा सरिक हुने अवसर प्रदान गर्न पाईने छैन। सबै सदस्यहरुलाई समान व्यवहार गरिनु पर्नेछ।

२. **धार्मिक आवद्धताका सम्बन्धमा**

२.१ बेलायतमा रहेका लिम्बूहरु विभिन्न धर्ममा आस्थावान रहेको तथ्यलाई हृदयुङगम गर्दै, सबै किसिमका धर्महरुले अन्ततोगोत्व मानव कल्याणका लागि योगदान गरि रहेको कुरालाई स्वीकार गर्दै ,

२.२ चुम्लुङको केन्द्र तथा शाखाका पदाधिकारी एवं सदस्यहरुले कुनै पनि धर्मका बारेमा नकरात्मक टिप्पणी गर्न पाईने छैन।

२.३ चुम्लुङको तर्फबाट सम्पन्न गरिने धार्मिक कर्मकाण्डहरुमा बहू-धर्म अन्तर्गत मानिने जुनसुकै विधि अपनाउन सकिने छ। यस विषयमा समितिमा निर्णय भई सकेपछि सार्वजनिक रुपमा टिकाटिप्पणी गर्न पाईने छैन।

२.४ केन्दीय कार्यसमिति तथा शाखा समितिका पदाधिकारी सदस्यहरुले कुनै पनि धर्म विशेषका संस्थाहरुको कार्यक्रममा सहभागी बन्न सक्नेछ। तर आफ्ना भनाईहरु राख्ने अवसर मिलेमा शिष्ट भाषामा सकरात्मक कुराहरुमात्र राख्नु पर्नेछ।

३. **सार्वजनिक संचार माध्यमहरु मार्फत विचार सम्प्रेशण गर्ने सम्बन्धमाः**

३.१ छापा वा विद्युतीय संचार माध्यमहरुमा वा सामाजिक संजालहरुमा (Social Network) निर्णय भएको कुराहरु बाहेक बैठकको समयमा पदाधिकारी सदस्यहरुले उठाएका कुराहरु सम्प्रेषण गर्न पाईने छैन।

३.२ कुनैपनि पदाधिकारी तथा सदस्यले केन्द्रीय कार्य समितिको निर्णय नभएका सवालहरुमा चुम्लुङको अवधारण भनि लिखित वा मौखिक रुपमा छापा वा विद्युतीय संचार माध्यम मा विचार सम्प्रेषण गर्न पाईने छैन। चुम्लुङको आधिकारीक धारणा चुम्लुङका अध्यक्ष वा कार्य समितिले तोके वमोजिमको व्यक्तिले मात्र सम्प्रेषण गर्नु पर्नेछ।

४. **विधान उल्लघन तथा आर्थिक अनियमितता भएमा कारवाही गर्ने सम्बन्धमाः**

४.१ विधान र नियमको उल्लघन तथा आर्थिक अनियमितता गर्ने कुनैपनि व्यक्तिलाई चुम्लुङको केन्द्रिय कार्य समितिले निर्णय गरि कारवाही गर्न सक्नेछ।

४.२ निजलाई कुनै प्रकारको सदस्यताबाट निस्कासित गर्ने, चुम्लुङको कार्यक्रमहरुमा उपस्थित हुनबाट बन्देज लगाउने र चुम्लुङको कुनै पनि सेवा सुविधाबाट बन्चित गराई अभियोगको प्रकृतिअनुसार अनुपातिक रुपमा केन्द्रिय कार्य समितिले कारवाही गर्न सक्नेछ।

५. **अन्य मुलुकमा क्रियाशिल चुम्लुङ र किरात वंशज संस्थाहरुको सम्बन्धमाः**

५.१ विश्वका विभिन्न मुलुकहरुमा स्थापित र क्रियाशिल याक्थुङ चुम्लुङहरु समान उदेश्य भएका संस्थाहरुमा स्वीकार गर्दै ती संस्थाहरुसंग विशेष सम्बन्ध कायम गर्नु, ती संस्थाहरुलाई हर तरहले सहयोग गर्न प्रयत्नरत रहनु, ती संस्थाहरुको गतिविधिमा सरिक हुनु, किरात याक्थुङ चुम्लुङ यूकेको प्रत्येक सदस्यहरुको कर्तव्य हुनेछ।

५.२ बेलायतमा क्रियाशिल अन्य किरात वंशज संघसंस्थाहरुलाई आवश्यक सहयोग गर्न हरपल तत्पर रहनु पर्नेछ।

## अनुसूची - ९ - संस्थापक कार्यसमिति

मिति: ०२ अगष्ट २००३ मा गठित युकेको प्रथम कार्य समिति निम्न अनुसार रहेको थियोः

| | |
|---|---|
| अध्यक्ष | श्री खड्कजंङ आङबुहाङ |
| सचिव | श्री डम्बर मादेन |
| कोषाध्यक्ष | श्रीमती कल्पना लक्सम |
| सदस्यहरु | श्री युवराज आङबुहाङ |
| | श्री मोति कन्दङवा |
| | श्री शान्तकुमार चोङवाङ |
| | श्रीमती कमला ईदिङ |
| | श्रीमती कमला थक्लुङ |
| | सुश्री विष्णु वनेम |
| | श्री मोहन काङभा लिम्बू |

## नोट:

‘’किरात याक्थुङ चुम्लुङ युके को बिधानलाई मिति ०५ मार्च २०२२ मा बसेको बिधान सभाले पहिलो बिधान २००३ लाई छैठौ पटक संसोधन गरि लागु गरेको छ। यो भन्दा अगाडिको बिधानमा उल्लेख नभए पनि नवौ महाधिबेशनले ५ जना उपाध्यक्षहरु को चयन गर्नुको साथै २ जना अध्यक्ष प्रत्यासी बिच एक बर्ष र २ बर्ष पालो पालो नेतृत्व गर्ने सहमति भई कार्यकाल पुरा गर्ने क्रममा नवौ कार्यसमितिले मिति १५ फेब्रुअरी २०२० मा बिधान सम्सोधन गरेको थियो | उक्त २०२० को विधान पाँचौ (५) हुनु पर्नेमा, बिबिध कारणहरुले छैटौ सम्सोधित बिधान भनेर उल्लेख भए पनि २०२२ को बिधान सभाले सम्सोधित बिधानहरुको गन्ति गराई माथि पुनः छलफल गरि यो बिधान भन्दा अगाडिको बिधानलाई पाचौ र २०२२ ले सम्सोधन गरेको विधानलाई छैठौं मानी लागु गरेको छ।’’

समाप्त

ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤔᤗᤢᤱ ᤕᤢᤁᤣ

किराँत याक्थुङ् चुम्लुङ् युके

**Kirat Yakthung Chumlung UK**